# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४३ | काठमाडौं | आइतबार, १४ पुस २०८१ | Prabhab National Daily | Sunday, December 29, 2024 | www.prabhabonline.com




मूल्य रू. ५।-


पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




हुम्लामा शुक्रबारदेखि हिमपात भएपछि सदरमुकाम सिमकोटबजार क्षेत्रको सडकमा हिउँले ढाकिएका सवारीसाधन । हिमपात हुँदा यस क्षेत्रका किसान भने खुसी भएका छन् ।
*तस्बिर: दाने बोहरा/रासस*

कानुन निर्माणमा विलम्ब

# १५ विधेयक विधाराधीन, संघीयतासम्बन्धी कानुन छिटो बनाउन प्रदेशको दबाब



■ जेबी योञ्जन

**काठमाडौं–** संघीय संसद्अन्तर्गतका विभिन्न समितिमा १५ वटा विधेयक विचाराधीन छन् । लामो समयदेखि छलफल भए पनि ती विधेयकहरू विचाराधीन अवस्थामै छन् । कानुन निर्माणमा विलम्ब भइरहेको भन्दै सार्वजनिकरूपमा भने सांसदहरूको आलोचना भइरहेको छ । यस्तोमा विधेयकहरू छलफलका नाममा अड्किरहेका छन् ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अर्थ समितिमा भन्सार विधेयक २०८०, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक २०८०, सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक २०८०, धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक २०८१ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक २०८१ विचाराधीन छन् ।

राज्य व्यवस्था समितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक २०७७, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७७, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक २०८० र संघीय निजामती सेवा विधेयक २०८० माथि छलफल चलिरहेको छ ।

क्रमशः पृष्ठ २ मा

## 'फुल हाउस'मा लैजाने तयारी

सत्तारूढ मुख्य दल कांग्रेस र एमाले विधाराधीन विधेयकहरूलाई आगामी हिउँदे अधिवेशनको सुरुमै 'फुल हाउसमा पेस गर्न केन्द्रित भएका छन् । त्यसका लागि दुई दलले संसदीय समितिका बैठकहरूलाई प्रभावकारी र नतिजामुखी बनाउन आफ्ना सांसदहरूलाई निर्देशन दिइसकेका छन् ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले समितिको बैठक नियमित राख्ने र हरेक बैठकअघि सम्बन्धित समितिका सभापति, प्रमुख सचेतक र सचेतकमार्फत पार्टीका सांसदलाई जानकारी दिन भनिएको बताए । उनले सत्तापक्षका सांसद अनुपस्थित भएर समिति बैठकमा कोरम पुगेन भन्ने छुट नभएको पनि बताए । 'संसदीय समितिलाई परिणामुखी बनाउन सत्तारूढ दलका तर्फबाट एक प्रकारको आन्तरिक ह्विप नै जारी गरिएको छ, संसदीय मामिलामा

क्रमशः पृष्ठ २ मा

### विचाराधीन विधेयकहरू

**अर्थ समितिमा**
१. भन्सार विधेयक २०८०
२. बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक २०८०
३. सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक २०८०
४. धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक २०८१
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक २०८१

**राज्य व्यवस्था समितिमा**
१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक २०७७
२. भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७७
३. निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक २०८०
४. संघीय निजामती सेवा विधेयक २०८०

**शिक्षा समिति**
१. विद्यालय शिक्षा विधेयक २०८०
२. सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक २०८०

**पूर्वाधार विकास समिति**
१. विद्युत् विधेयक २०८०
२. जलस्रोत विधेयक २०८१

**कानुन, न्याय तथा मानवअधिकार समिति**
१. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८०

**उद्योग तथा वाणिज्य समिति**
१. विद्युतीय व्यापार विधेयक २०८०

# भ्रष्टाचार एजेण्डामा राप्रपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले हिन्दू राष्ट्र पुनःस्थापना र संवैधानिक राजसंस्था कायम गर्न माग गर्दै सरकारलाई ४० बुँदे मागपत्र बुझाएको एक वर्ष नाघ्यो । माग पूरा नगरे निरन्तर आन्दोलन गर्ने र व्यवस्था परिवर्तन गर्ने उक्त दलको चेतावनी थियो । तर, गत वर्षको चैत अन्तिममा एक दिन आन्दोलन गरेपछि राप्रपा थला पर्‍यो ।

अन्ततः झण्डै नौ महिनापछि भने शनिबार कोशी प्रदेशको इटहरीमा राप्रपाले विरोधसभा आयोजना गरेको छ । सभामा राप्रपा नेताहरू हिन्दू राष्ट्र पुनःस्थापना र संवैधानिक राजसंस्था फर्काउने एजेण्डामा भन्दा पनि भ्रष्टाचारमा केन्द्रित भए ।

सभालाई सम्बोधन गर्दै अध्यक्ष राजेन्द्र लिङ्देनले ठोकुवा गरे, 'सम्पत्ति शुद्धीकरणको हतियारले अब ठूला दलका कोही जोगिँदैनन् ।'

हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरणको अभियोग लाग्यो । उनीविरुद्ध अदालतमा यससम्बन्धी मुद्दा दायर भइसकेको छ । यही प्रसंग जोड्दै अध्यक्ष लिङ्देनले ठूला दलका सम्पत्ति शुद्धीकरणको मुद्दाले कोही नजोगिने बताएका हुन् ।

लिङ्देनले भनेका ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी हुन् । कांग्रेस पछिल्लोपटक २०४८ र एमाले २०५१ पछि बेलाबेला सरकारमा छन् । माओवादी २०६५ पछि सरकारमा छ । उनकै दल राप्रपा पनि २०५२ पछि पटक-पटक सरकारमा सहभागी हुँदै आएको छ ।

तर, कांग्रेस, एमाले र माओवादीका नेताहरूले अकुत सम्पति कमाएको आरोप लगाउँदै लिङ्देनले उनीहरू सम्पत्ति शुद्धीकरण मुद्दामा नजोगिने बताएका हुन् । उनले २०४८ पछि सार्वजनिक पदधारण गरेका सबैको सम्पत्ति छानबिनको माग गर्दै आएका छन् । तर, उनको मागअनुसार सरकारले सम्पत्ति छानबिन गर्न कुनै विशेष समिति गठन गरेको छैन ।

क्रमशः पृष्ठ २ मा



> अहिलेको व्यवस्थाले भ्रष्टाचारलाई झन्झन् संरक्षण गरेको छ । त्यही भएर अब देशका लागि राजासहितको प्रजातन्त्र र हिन्दू राष्ट्र अपरिहार्य भइसक्यो ।
>
> **राजेन्द्र लिङ्देन**
> अध्यक्ष, राप्रपा

सन्दर्भ: वैदेशिक रोजगार

# साउदीमा थप ८२ जनाले पाए 'एक्जिट भिसा'



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियामा गैरकानुनीरूपमा रहेका थप १०७ जना नेपालीले बहिर्गमन भिसा (एक्जिट भिसा) पाएका छन् । कानुनी हैसियत गुमाएका विदेशी कामदारलाई आफ्नो मुलुक फर्कन साउदी सरकारले दिएको सुविधाअन्तर्गत नेपाली दूतावासमार्फत एक्जिट भिसा दिइएको हो ।

रियादस्थित नेपाली दूतावासबाट बहिर्गमन भिसाको प्रक्रिया गरिएकामध्ये पछिल्लोपटक थप ८२ जनाले नेपाल फर्कने अवसर पाएका हुन् । यसअघि पनि धेरैले यो भिसाको सदुपयोग गरी नेपाल फर्किसकेका छन् । दूतावासले बहिर्गमन भिसा प्राप्त भएकाहरूलाई यथाशीघ्र नेपाल फर्कन आग्रह गरेको छ ।

एक्जिट भिसाका लागि नेपाली दूतावास रियादबाट फाराम भरेका व्यक्तिहरूले अब आफ्नो एक्जिट भिसाको अवस्थाको बारेमा अनलाइनमार्फत आफ्नो इकामा नम्बर/राहदानी नम्बर प्रविष्ट गरी जानकारी लिन सक्नेसमेत दूतावासले जनाएको छ । 'यदि तपाईंको मोबाइलमा एक्जिट भिसा लागेको म्यासेज आएको छैन भने दमाममा क्षेत्रमा कार्यरत जनसम्पर्क अधिकारीसँग सम्पर्क गरेर आफ्नो एक्जिट भिसाको पेपर लिएर जानुहुन अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ, 'एक्जिट भिसा लागेको म्यासेज मोबाइलमा आइसकेको छ भने एयरपोर्टमा त्यही म्यासेज देखाउँदा हुन्छ, एक्जिट पेपर लिनका लागि दूतावासमा आइरहनु पर्दैन ।'

क्रमशः पृष्ठ २ मा

# घुम्ती शिविरमार्फत सेवा पुऱ्याउँदै दूतावास

**काठमाडौं (प्रस)–** साउदी अरेबियास्थित नेपाली दूतावासले राहदानी नवीकरण तथा श्रमिक सचेनाका लागि घुम्ती शिविर अभियान सञ्चालन गरिरहेको छ । रियादबाट टाढा रहेका सेवाग्राहीलाई पायक पर्ने स्थानबाटै राहदानी नवीकरणलगायतको सेवा प्रवाह गर्न शिविर सञ्चालन गरिएको दूतावासको भनाइ छ ।

यही क्रममा दमाम सहरमा शुक्रबार र शनिबार (२७ र २८ डिसेम्बर) दुई दिन राहदानी नवीकरण, श्रमिक सचेतना र बहिर्गमन भिसा फाराम भर्नेसम्बन्धी घुम्ती शिविर सम्पन्न गरेको दूतावासले जानकारी दिएको छ । यो कार्यक्रमलाई निरन्तरता दिँदै आगामी १० जनवरी २०२५ का दिन हायल सहरमा राहदानी नवीकरण तथा श्रमिक सचेतनाका लागि घुम्ती शिविर सञ्चालन हुनेसमेत दूतावासले सूचनामार्फत जानकारी दिएको छ ।

यसैगरी जुबेल सहरमा जनवरी २४ र २५ का दिन शिविर सञ्चालन हुने जनाइएको छ । जुबेलस्थित कुकजोन रेस्टुरेण्टमा हुने शिविरअन्तर्गत जनवरी २४ मा बिहान ७ देखि ५ बजेसम्म र भोलिपल्ट २५ जनवरीमा बिहान ७ देखि ३ बजेसम्म शिविर सञ्चालन हुने दूतावासको सूचनामा उल्लेख छ । २४ जनवरीका लागि ५५० जना र २५ जनावरीका लागि ४५० जनाको प्रि-इनरोलमेन्ट लिइनेसमेत दूतावासले सूचित गराएको छ ।

दूतावासले अनलाइनबाट प्रिइनरोलमेन्ट भएको बारकोडयुक्त फाराम लिएर शिविरमा सहभागी हुनसकिने जानकारी दिएको छ । अनलाइनबाट फाराम भरेकालाई मात्रै प्रवेश दिइने पनि प्रस्ट पारिएको छ । दूतावासले अनलाइन फाराम सकेसम्म आफैं भर्न वा आफन्त तथा साथीको सहयोग लिएर भर्न भनेको छ । आफैंले सम्भव नभए विभिन्न संघसंस्था एवं व्यक्तिको सहयोग लिन भनिएको छ । उल्लेखित मितिमा घुम्ती शिविरमा राहदानी नवीकरण गर्न जुन मितिका लागि प्रिइन्रोलमेन्ट गरेको हो सोही मितिमा उपस्थित हुन भनेको छ । कानुनअनुसार एक वर्षभन्दा कम अवधि भएका राहादानी मात्रै नवीकरण गर्न सकिने छ । राहदानी दस्तुर साउदी रियाल २०० र हराएको वा कुनै कारणले बिग्रिएको वा च्यातिएको भए ३०० रियाल तोकिएको छ ।




पृष्ठ १ बाट क्रमशः

## १५ विधेयक...

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक २०८० र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक २०८०, पूर्वाधार विकास समितिमा विद्युत् विधेयक २०८० र जलस्रोत विधेयक २०८१ माथि छलफल भइरहेको प्रवक्ता गिरीले जानकारी दिए । कानुन, न्याय तथा मानवअधिकार समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८० र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा विद्युतीय व्यापार विधेयक २०८० विचाराधीन छन् ।

वर्तमान संसद् गठन भएदेखि हालसम्म ४० वटा विधेयक दर्ता भएका छन् । त्यसमध्ये ३७ वटा सरकारी विधेयक हुन् । तीनवटा गैरसरकारी विधेयक रहेको संसद् सचिवालयले जनाएको छ । १७ वटा भने संसद्को दुवै सदनबाट पारित भइसकेको प्रवक्ता गिरीले बताए । संसद् को पहिलो अधिवेशनमा १० वटा विधेयक दर्ता भएका थिए । दोस्रोमा ११ वटा, तेस्रोमा नौवटा र चौथो अधिवेशनमा १० विधेयक दर्ता भएका थिए । दर्ता भएकामध्ये राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० सरकारले फिर्ता लिइसकेको छ ।

यसपछि ओली सरकारले संसद् बैठक नचलेको मौका छोपेर राजनीतिक दल विभाजन खुकुलो पार्नेगरीको अध्यादेश ल्याउन खोजेका थिए । माधवकुमार नेपाल नेतृत्वको दल नेकपा एकीकृत समाजवादी विभाजन गर्ने उनको चाहना थियो । तर, सत्ता साझेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा अनिच्छुक देखिए । अन्ततः ओलीले अध्यादेश अघि बढाएनन् । अर्कातिर, दलसम्बन्धी विधेयक पनि सरकारले फिर्ता लियो ।

यस्तै, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९, विधायनसम्बन्धी विधेयक, २०८० र बैंकिङ कसुर तथा सजाय विधेयक (दोस्रो संशोधन) विधेयक, २०८० समितिको प्रतिवेदनसहित सदनमा पेस भएका छन् ।

■■■

## 'फूल हाउस'मा...

अनिवार्य उपस्थिति भएर बैठकमा सहभागी हुने, विधेयकमा सक्रियताका साथ भूमिका निर्वाह गर्ने र छिटोभन्दा छिटो विचाराधीन विधेयकलाई प्रतिवेदनसहित सदनमा पेस गर्न निर्देशन दिएका छौं,' प्रमुख सचेतक बर्तौलाले प्रभावसँग भने । पछिल्ला दिनमा भने संसदीय समितिहरूको बैठक लगातार बसिरहेका छन् । संसद्का प्रवक्ता गिरीका अनुसार हाल प्रतिनिधिसभाका विभिन्न समितिमा १५ र राष्ट्रिय सभाको विधायन समितिमा चारवटा विधेयक छलफलकै क्रममा छन् ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा पाँच, राज्यव्यवस्था तथा सुशासन समितिमा चार, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दुई, पूर्वाधार विकास समितिमा दुई, कानुन, न्याय मानवअधिकार समितिमा एक र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा एउटा विधेयक विचाराधीन छन् ।

हालै गण्डकी प्रदेशको राजधानी पोखरामा सातै प्रदेशका सभामुख र उपसभामुखहरूको भेलाले 'छिटो संघीयतासम्बन्धी कानुन देऊ' भन्दै संघीय सरकारलाई दबाव दिएका थिए । संघीयतासम्बन्धी कानुनहरू संघले निर्माण नगर्दा प्रदेशले पनि आवश्यक कानुन निर्माण गर्न नसकेको उनीहरूको भनाइ थियो ।

यस्तो बेला सत्तारूढ दुई दल कांग्रेस-एमालेले संसदीय समितिको बैठकलाई परिणाममुखी बनाउन आ-आफ्ना सांसदहरूलाई निर्देशन दिएका छन् । बैठकमा विधेयकमाथिको छलफलमा सक्रियतापूर्वक सहभागिता जनाउन पनि निर्देशन दिएका हुन् ।

■■■

## भ्रष्टाचार एजेन्डामा...

लिङ्देनले आफूलाई भ्रष्टाचार विरोधी नेताको रूपमा चिनाउन खोज्दै आएका छन् । 'भ्रष्टाचार गर्नु भनेको आमको रगत खानुजस्तै हो' भन्ने उनको भ्रष्टाचारविरोधी नारा नै छ । तर, उनकै दलका उपाध्यक्ष विक्रम पाण्डे बहुचर्चित सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचारी ठहरिएका थिए । उनकै दलकी सांसद गीता बस्नेत सहकारी ठगी आरोप लागेपछि फरार छिन् ।

यति हुँदाहुँदै अध्यक्ष लिङ्देनले ठूला दलका नेताहरू सम्पत्ति शुद्धीकरण मुद्दाले नजोगिने भनेका हुन् । उनले भ्रष्टाचार बढ्नुलाई राजनीतिक व्यवस्थासँग जोडेका छन् । उनले भने, 'अहिलेको व्यवस्थाले भ्रष्टाचारलाई झन् झन् संरक्षण गरेको छ । त्यही भएर अब देशका लागि राजासहितको प्रजातन्त्र र हिन्दू राष्ट्र अपरिहार्य भइसक्यो ।'

विरोधसभाका राप्रपाको निर्देशन समितिका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष दाहालसँग भ्रष्टाचार गरेको छैन र नेपालबाहिर कुनै पैसा राखेको छैन भनेर नेपालको संसद्मा उभिएर नेपाली जनतालाई भन्ने नैतिक हिम्मत नभएको बताए । उनले प्रधानमन्त्री ओलीको नेतृत्व र कार्यशैलीका कारण प्रजातन्त्र खतरामा परेको दाबी गरे ।

राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाहीले पनि भ्रष्टाचारीको दिन गन्ती सुरु भएको बताएका थिए । राप्रपाले अब जनताको पक्षमा जस्तोसुकै कदम चाल्न तयार रहेको बताउँदै उनले भ्रष्टाचारमा संलग्न उच्च राजनीतिक नेतृत्वलाई छानबिनको दायरामा ल्याउन, छानबिन गर्न दबाब दिन, सहकारी पीडितहरूको बचत फिर्ता गराएरै छाड्ने बताए ।

■■■

## साउदीमा थप...

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीं कतै बुझाउनु नपर्ने दूतावासले प्रस्ट पारेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने जनाइएको छ । एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै छ/छैन हेरर यकीन गरेरमात्र हवाई टिकट खरिद गर्न पनि दूतावासले आग्रह गरेको छ ।

# त्रिभुवन विश्वविद्यालयबाट १४ हजार दीक्षित

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयका १४ हजार ३०८ जना विद्यार्थी दीक्षित भएका छन् । प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजित ५०औं दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरे ।

त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी) का १२२ जना विद्यार्थी दीक्षित भएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ सहिद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन शंकायका हीरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कुल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ ।

यसैगरी, अमृत पदक रसायनशास्त्र केन्द्रीय विभागका सुशील पोखरेललाई, मदन विद्या वातावरण विज्ञान पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागकी रीकिता भण्डारीलाई, नेपाल बैंक लिमिटेड सरदार गुञ्जमानसिंं स्वर्णपदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार काठमाडौं मोडल कलेजकी रेविका भण्डारीलाई प्रदान गरिएको छ ।

नरेन्द्रप्रमाण आचार्य दीक्षित पदक र डा. मोहनप्रसाद लाखे स्वर्णपदक रत्नराज्यलक्ष्मी क्याम्पसकी सुदीक्षा घिमिरेले पाएकी छन् । शान्तिनारायण मिश्र पदकबाट पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सञ्जीवकुमार सिंह, डा. दुबसु क्षेत्री स्वर्ण पदकबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रतीकराज जोशी पुरस्कृत भएका छन् ।


**कृषि ज्ञान केन्द्र**
**कलैया, बारा**

**सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि आवश्यक यन्त्र उपकरणहरुको खामबन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०९।१४)**

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०८१।१०।१५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ । रीतपूर्वक समयभित्र प्राप्त शिलबन्दी प्रस्ताव सोही दिन (२०८१।१०।१५) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दी प्रस्ताव खोलिनेछ । आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन।थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाईट http://bara.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।



**साउदीमा रोजगार** कम्पनी : Atlal Al Jazeera Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ LT. No. 316121 चलानी नं. ६०२३०३४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २१ गते (5th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np



**पर्वत पैयुँ खोला हाइड्रोपावर कम्पनी लिमिटेड**
**टोखा नगरपालिका वडा नं.- ५, काठमाडौं**

**वार्षिक साधारण सभा सम्बन्धित सूचना !**

**शेयरधनी माहानुभावहरू**
यही मिति २०८१ साल पौष महिनाको २८ गते तदअनुसार (12 January, 2025) का दिन यस पर्वत पैयुँ खोला हाइड्रोपावर कम्पनी लिमिटेडको **वार्षिक साधारण सभा** निम्न मिति, स्थानमा र समयमा हुन गइराखेको हुँदा सम्पूर्ण शेयरधनी स्वयम् उपस्थित हुनु वा रितपूर्वक प्रतिनिधि तोकी पठाउनु हुन अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**
मिति : २०८१/०९/२८ गते ।
स्थान : वालिङ न.पा.८, गामबेंसी होटल, स्याङजा
समय : बिहान ११:०० बजेदेखि २:०० बजेसम्म ।

**विशेष प्रस्ताव :**
१. विधान संशोधन

**साधारण सभामा पेश गरिने प्रस्तावहरू :**
१. आ.व.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०८०/८१ को लेखापरिक्षण प्रतिवेदन छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८१/२०८२ का लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
४. सञ्चालक समिति सम्बन्धमा ।
५. IPO सम्बन्धमा ।
६. विविध ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/१४ गते)**

यस कम्पनीको मिति २०८१/०७/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यति हार्डवेयर प्रा.लि.**/Yeti Hardware Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०८/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (**प्रा.लि.नं.**३२७८५४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/१४**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यात्री अर्गनाइजेसन प्रा.लि.**/Yatri Organization Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (**प्रा.लि.नं.**३२७७५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**साउदीमा रोजगार** कम्पनी : AL-REHAB AL- MASSI TRADING EST

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ LT. No. 315989 चलानी नं. ६०२३०३९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २१ गते (5th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४३५/०७४/७५
**KINGFISHER OVERSEAS PVT.LTD**
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com



**साइनो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**न्यूरोड, पिपलबोट- २२, काठमाडौं**

**धितो लिलाम सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**


***(प्रथम पटक प्रकाशित मिति २०८१/०९/१४ गते, आइतबार)***

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुरसमेत यसै संस्थासँगको शर्त कबुलियत वमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट गरी ऋण तिर्न तथा ऋण तिर्ने ३५ दिने, १५ दिने र ७ दिने सूचनाको पत्र बुझ्न अनुरोध गर्दा उक्त पत्र बुझ्न इन्कार गर्दै आउनु भएकोमा यस संस्थाले उक्त पत्रहरू हुलाक मार्फत पठाई ऋण तिर्नका लागी ताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरी कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीको लागि तपसिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरी लिनुपर्ने भएकोले लिलाम बिक्री सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएकोले मितिले ३५ दिनभित्र ऋणीले कर्जाको साँवाब्याज नतिरे नबुझाएमा प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन र सो दिन सार्वजानिक विदा परेमा त्यसको भोलिपल्ट यस संस्थाको कार्यालयमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा खरिद गर्न इच्छुक महानुभावहरू समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानुनअनुस ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा व्याज, हर्जाना तथा अन्य दै- दस्तुर असुल उपरका लागि अन्य प्रक्रिया अगाडि बढाइने व्यहोरा ऋणी तथा धन जमानीकर्ताहरू तथा सम्बन्धित सबैलाई यो सूचनाद्वारा सूचित गरिन्छ । साथै, धितो लेखी दिने र व्यक्तिगत जमानी दिनुहुने सम्पूर्ण महानुभावहरूले समेत यसै सूचन जानकारी लिनुहुन सूचित गरिन्छ । उक्त दिन सम्बन्धित जग्गाधनी/ऋणीलाई समेत उपस्थितिका लागि अनुरोध गरिन्छ । तर ऋणी अनुपस्थित भएमा लिलामी प्रकृयामा बाधा पुगेको मानिने छैन ।

**तपसिल**

| ऋणीको विवरण | जग्गाको विवरण |
|---|---|
| **ऋणीको नाम** : खुश्बु गुरुङ (ना.प्र.नं.६४३८२९१०)<br>**बाजेको नाम** : यम बि.गुरुङ<br>**बाबुको नाम** : अग्नि प्रसाद गुरुङ<br>**ठेगाना** : जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. १० | **जिल्ला** : काठमाडौं, जितपुर गा.वि.स.वडा नं.८<br>सिट नं.८ (घ)<br>कित्ता नं.२३०<br>क्षेत्रफल १-४-०-० |


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


आइतबार, १४ पुस, २०८१

| | |
|---|---|
| **मेष** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **वृष** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मिथुन** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कन्या** | अरुको करकापमा काम गर्न बाध्य । |
| **तुला** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **वृश्चिक** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **धनु** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **मकर** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **कुम्भ** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मीन** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ पुस, २०८१ (२९ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.०३ | १३६.६३ |
| युरो | १ को | १४१.६४ | १४२.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.७२ | १७१.४७ |
| स्विस फ्रेन्क | १ को | १५१.१९ | १५१.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८९ | ८५.२६ |
| क्यानाडियन डलर | १ को | ९४.७० | ९५.११ |
| सिङ्गापुर डलर | १ को | १००.१८ | १००.६३ |
| जापानी येन | १० को | ८.६५ | ८.६८ |
| चिनियाँ युआन | १ को | १८.६४ | १८.७२ |
| साउदी अरब रियाल | १ को | ३६.२३ | ३६.३९ |
| कतारी रियाल | १ को | ३७.३२ | ३७.४९ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०४ | ३७.२० |
| मलेसियन रिङ्गेट | १ को | ३०.३२ | ३०.४५ |
| दक्षिण कोरियन वन | १०० को | ९.३३ | ९.३८ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९६ | १९.०५ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४१.५१ | ४४३.४६ |
| बहराइन दिनार | १ को | ३६०.४४ | ३६२.०२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तामाङ पत्रकार संघको अध्यक्षमा नेत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** तामाङ पत्रकार संघको अध्यक्षमा नेत्र तामाङ निर्वाचित भएका छन् । शनिबार राजधानीमा सम्पन्न संघको सातौं राष्ट्रिय महाधिवेशनबाट तामाङको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो । नवनिर्वाचित अध्यक्ष तामाङले यसअघि उपाध्यक्ष पदमा रहेर संस्थामा काम गरिसकेको अनुभव छ । उनी बिजमाण्डु डटकममा आवद्ध उनी डेढ दशकभन्दा बढी समयदेखि पत्रकारिता र बालसाहित्य लेखनमा क्रियाशील छन् ।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा तिर्थमान बल सर्वसम्मत निर्वाचित भए । यसअघि महासचिव रहेका उनी संस्थामा लामो समयदेखि क्रियाशील रहेका छन् । यसैगरी दुई उपाध्यक्षमा साहिला तामाङ र शिशिर दोङ, महिला उपाध्यक्षमा डोल्माछिरिङ तामाङ, महासचिवमा सरस्वती तामाङ, दुई सचिवमा आदर्श थोकर र जिबी लामा, महिला सचिवमा मिक्साङ वाइबा तथा कोषाध्यक्षमा हिरामन बल सर्वसम्मत चयन भएका छन् ।

केन्द्रीय सदस्यमा खुलाबाट चार जना, महिला सदस्य तीन जना, कोशी प्रदेशबाट तीन जना, बागमती प्रदेशबाट सात जना, मधेस प्रदेशबाट एक जना निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको कोटामा रहेको एक–एक सदस्य पदमा कसैको उम्मेदवारी नपरेको जनाइएको छ । यसैगरी कार्यसमितिले तीन जना सदस्य मनोनीत गर्ने व्यवस्था रहेको निवर्तमान अध्यक्ष सुवास योञ्जनले जानकारी दिए ।

महाधिवेशनको उद्‍घाटन ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङले गरेका थिए । उनले तामाङ समुदायको उत्थानका लागि एकजुट भएर लाग्नुपर्नेमा जोड दिए । निष्पक्ष र तथ्यमा आधारित पत्रकारितामार्फत समाजलाई जागरुक बनाउन तथा राज्यको ध्यानाकर्षण गराउन तामाङ पत्रकारहरूले भूमिका खेल्नुपर्नेमा मन्त्री तामाङ जोड दिए ।

**दोङ, लामा र स्याङ्तान पुरस्कृत**

संघको सातौं महाधिवेशनको अवसरमा तीन जना तामाङ पत्रकारलाई पुरस्कृत गरिएको छ । संघका पूर्वअध्यक्षसमेत रहेका पत्रकार जगतमान लामा दोङलाई १५ हजार रूपैयाँ राशिको 'रविन्द्र तामाङ पत्रकारिता पुरस्कार' प्रदान गरियो । संस्थाका संस्थापक अध्यक्ष रविन्द्र तामाङले आफ्नै नाममा स्थापना गरेको उक्त पुरस्कार दोङले पत्रकारितामार्फत समुदायको उत्थानमा योगदान पुऱ्याएबापत सम्मान गरिएको संघले जनाएको छ । दोङ हाल इन्डिजिनियस टेलिभिजनका प्रबन्ध निर्देशक छन् ।



यसैगरी दोलखास्थित कालिञ्चोक एफएमका स्टेसन म्यानेजर जीवन लामालाई 'दीपेन्द्र दोङ स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । उक्त पुरस्कार संस्थाका पूर्वउपाध्यक्ष स्व. दीपेन्द्र दोङको स्मृतिमा स्थापना गरिएको हो । 'तामाङ मातृभाषा पत्रकारिता पुरस्कार' सिन्धुपाल्चोकको रेडियो सिन्धुकी अश्मी स्याङतानलाई प्रदान गरिएको छ ।

# पूर्वन्यायाधीश वस्तीको निधन

काठमाडौं- सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीको ७१ वर्षको उमेरमा निधन भएको छ । पूर्वन्यायाधीश वस्तीका साइलो भाइ अधिवक्ता गजेन्द्र वस्तीकाअनुसार उनको हृदयघातका कारण शुक्रबार बेलुका ६ बजे थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।



वस्तीका छोरा डा. प्रणव वस्ती अमेरिकामा रहेका र आइतबार बिहानसम्म आइसकेपछि पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने परिवारको तयारी छ । वस्तीको शव अस्पतालमै राखिएको छ । उनका श्रीमती, एक छोरा र तीन छोरी छन् ।

पूर्वन्यायाधीश वस्तीले करिब छ वर्ष सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीशका रूपमा काम गरेका थिए । उनले २०६५ साल भदौ २२ गते नियुक्त भएर पदावधि नथपिएपछि २०७० चैत २९ मा अवकाश भएका थिए ।

सर्वोच्च अदालतबाट अवकाश भएपछि उहाँ छवर्ष मानवअधिकार आयोगको सदस्य भएर काम गरे । अवकाश जीवन बिताइरहेका वस्ती न्याय र कानुनको क्षेत्रमा अध्ययन, अनुसन्धान एवं पुस्तक लेखनमा संलग्न थिए । गोरखा खोपलाङमा २०१० असार ८ गते जन्मिएका वस्ती २०३३ सालदेखि कानुन व्यवसायमा प्रवेश रेका थिए । २०६५ सालमा वरिष्ठ अधिवक्ता भएका उनको भ्रष्टाचार नियन्त्रण, देवानी कानुन एवं कानुनी प्रणालीको विकासक्रमका विषयमा रुचि थियो । उनले लेखेका धेरै पुस्तक बजारमा छन् ।

# हुम्लामा तेस्रोपटक हिमपात

**हुम्ला (प्रस)–** हिमाली जिल्ला हुम्लासहित कर्णालीका उच्च जिल्लामा शुक्रबार रातिदेखि हिमपात भइरहेको छ । शुक्रबार दिउँसो घाम नलागेर मौसममा आएको फेरबदलले बाक्लो बादल लागेका कारण रातिदेखि हिमपात भएको हो । शनिबार बिहान सदरमुकाम सिमकोटमा चार इञ्च हिउँ जमेको थियो भने उत्तरी नाम्खा गाउँपालिकामा दुई फिटसम्म हिउँ परेको बताइएको छ ।

हुम्लामा तेस्रोपटक हिमपात हुँदा किसानलाई राहत मिलेको स्थानीय गौगोरा बोहराले बताए । यतिबेला परेको हिउँले जेठासी बालीको उत्पादन राम्रो हुने हुम्लाका किसानको भनाइ छ ।

यस्तै सदरमुकाम सिमकोटसहित उत्तरी नाम्खा गाउँपालिकामा जनजीवन प्रभावित बनाएको छ । शनिबार बिहान हिमपात भइरहेकाले यहाँका स्थानीय चिसोले घरबाहिर निस्कन नसकेको बताइएको छ । हिमपात हुँदा यहाँको तापक्रम माइनसमा झरेको छ । यस्तै अन्तरजिल्ला जोड्ने एकमात्रै हवाई सेवा अवरूद्ध भएको छ । हिमपात भइरहेकाले हवाई सेवा अवरूद्ध भएको हो ।


**साउदी र युएईमा रोजगार**

कम्पनी : Factory SALEHABAD BEN ABRAHIM BEN SALEBAHAD AL-ADHIBI For Cement Products

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316129 | चलानी नं.६०२३०४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker(MALE) | 2 | 0 | 1000 | ३६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHADE CORPORATION LIMITED..

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316130 | चलानी नं.६०२३०४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason. | 5 | 0 | 1200 | ४३,७७४ | | | | | | | |
| 3 | STEEL FIXER | 9 | 0 | 1200 | ४३,७७४ | | | | | | | |

कम्पनी : SHADE CORPORATION LIMITED..

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316131 | चलानी नं.६०२३०४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker(MALE) | 1 | 0 | 1000 | ३६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Restaurant SELSA ALBAHAR Subsistence Services

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316155 | चलानी नं.६०२३०४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Factory MENTJAT ALBAHAR for Food Production

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316156 | चलानी नं.६०२३०४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker(MALE) | 12 | 0 | 1000 | ३६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FWI TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316277 | चलानी नं.६०२३०४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४४,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Masons | 3 | 0 | 1200 | ४४,७६८ | | | | | | | |
| 3 | FALSE CEILING INSTALLER | 2 | 0 | 1200 | ४४,७६८ | | | | | | | |
| 4 | General Electrician | 6 | 0 | 1200 | ४४,७६८ | | | | | | | |
| 5 | GENERAL LABOUR(CONSTRUCTION) | 1 | 0 | 1000 | ३७,३०७ | | | | | | | |
| 6 | Painter | 4 | 0 | 1200 | ४४,७६८ | | | | | | | |
| 7 | RIGGERS | 1 | 0 | 1200 | ४४,७६८ | | | | | | | |
| 8 | Tile Layer | 2 | 0 | 1200 | ४४,७६८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २१ गते (5th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line),
Fax: +977-1-4411950, Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४


## Dilasaini Rural Municipality
### Office of Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

Date Of Publication:2081/09/14 (12/29/2024)

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount With VAT,PS, contingency. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/BTD/WORKS/NCB/04/2081/082 | Construction and upgrading of Deujhadi -Karkale Road | 90 days | 13662810.72 | 345000.00 | **3000.00** |
| 2 | DRM/BTD/WORKS/NCB/05/2081/082 | Construction and Upgrading Of Dadiya-Setigaun-Saungaun-Nagaraun and Negaun-Dhamigaun Road | 90 days | 16334682.51 | 415000.00 | 3000.00 |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/10/15 (28-Jan-2025) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/10/15 (28-Jan-2025); at 1:00 PM, at Dilasaini Rural Municipality Office, Baitadi |
| Account No. for Bid Document Purchase | Kumari Bank Limited, Dilasaini, ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited ,Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

## Tourism Development Project
### Unit Office Kathmandu (TDPUOK), Kathmandu

## Invitation for Bids

**Date of Publication: 2081/09/14**

**Tourism Development project Unit Office Kathmandu (TDPUOK), Kathmandu** invites online electronic bids only from the duly registered eligible national bidders for following works under national competitive bidding procedures.

| S.N. | IFB No. | Name of Contract | Estimated Amount | Bid Document Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1. | MOCT/TDPUOK/W/NCB/081/82-01 | Construction of physical infrastructure at Kabir Satsang Ashram Kathmandu-10, Ram Mandir (Bairagi Akhada), Kathmandu-11 and Construction of Sattal at Rato Kumari Mandir Premises, Kathmandu-11 | NRs. 58,90,061.44 including PS and VAT | Nrs. 3000/- | Nrs. 1.47,000/- |

Eligible bidders may obtain further information and inspect the bidding documents by visiting PPMO website www.bolpatra.gov.np/egp

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पीडामा जनता, रमिते जनप्रतिनिधि

हिमाली जिल्लामा बासोबास गर्ने पीडा अनेक छन् । भौगोलिक विकटताका कारण उनीहरूले वर्षको ३६५ दिन नै सास्ती बेहोर्नुपर्छ । सडकको पहुँच नपुगेका त्यस क्षेत्रका जनताको पाइलापाइलामा छ । अहिले हिमाली जिल्लामध्येको एक हुम्लाको सर्केगाड गाउँपालिका–१ तुम्च गाउँका नागरिकलाई अनुदानको नुन किन्नका लागि चर्को खर्च गर्नुपर्ने बाध्यताबारेको समाचारले धेरैको ध्यान तानेको हुनुपर्छ ।

अनुदानमा प्राप्त हुने नौ रूपैयाँको नुनलाई दुई हजार ५०० रूपैयाँसम्म खर्च गरिरहेका समाचार आफैंमा पीडादायी छ । समाचारअनुसार नुन वितरणको डिपो कार्यालय गाउँभन्दा टाढा हुँदा महँगो गाडी भाडा तिरेर उनीहरू नुन किन्न जानुपरेको छ । नुन लिन जाँदा र घर फर्कनमात्रै उक्त रकम खर्च हुने गरेको स्थानीयले बताएका छन् । उनका अनुसार गाउँभन्दा पालिका केन्द्र टाढा छ । अनुदानमा नौ रूपैयाँ पर्ने नुन लिन जान २५ सय रूपैयाँ खर्च लाग्छ । एक दिनको पैदलयात्रामा पुगिने ठाउँमा गाडीमा आवतजावत गर्दा २५ सय रूपैयाँ लाग्ने गरेको हो । साल्ट ट्रेडिङको सर्केगाड बजारमा रहेकाले डिपो केन्द्रमार्फत मात्र बिक्री गर्दा तुम्चका ९५ घरधुरीलाई समस्या हुने गरेको बताइएको छ । गाउँपालिका केन्द्र टाढा रहेकाले गाउँपालिकाबाट पाउने अन्य सेवा सुविधाबाटसमेत वञ्चित भइ वडा कार्यालय जानसमेत तीन घण्टा पैदल हिँड्नुपर्ने बाध्यता रहेको उल्लेख छ ।

हिमाली जिल्लाका जनताले बेहोर्नुपरेको यो समस्याप्रति राज्यको ध्यान कहिले जाला ? जनताले नुनकै लागि यति धेरै सास्ती बेहोर्नुपर्ने कहिलेसम्म ? राज्यको नेतृत्वमा बसेकाहरूको असक्षमता यहाँ प्रस्ट हुन्छ । चुनावका बेला जनतालाई अनेक आश्वासन बाँड्न पछि नपर्ने नेताहरू जनतालाई सहजरूपमा नुन उपलब्ध गराउनसम्म नसक्नु गम्भीर विषय हो । जनतालाई भोट बैंक मात्र बनाउने दलहरूको प्रवृत्तिले जनता सधैं सास्ती बेहोर्न बाध्य छन् । सार्केगाडको घटना त एउटा प्रतिनिधि घटना मात्रै हो । यस्ता कैयौं समस्याबाट प्रताडित छन् विकटका जनता । यस्तो विषयमा बोल्न जनप्रतिनिधिहरूलाई केले रोकेको छ ? जवाफ दिनैपर्छ । त्यसो त जनताको आवाज उठाउने संसद् लामो समयदेखि बन्द छ । संसद् बन्द गरेर सरकारले जनताको आवाज त बन्द गरिरहेको छैन ? यो विषयमा सरोकारवाला सबैको ध्यानाकर्षण हुन जरुरी छ ।

# विज्ञापनको विश्वासले निम्त्याउने स्वास्थ्य संकट



डा. अरुणा उप्रेती

> विज्ञापनबाट प्रेरित भएर हामी शरीरको छालालाई सफा राखेर, व्यायाम गरेर, पोषणयुक्त खाना खाएर स्वस्थ राख्नको सट्टामा सौन्दर्य सामग्री किनेर, लेप लगाएर राम्रो (गोरी) देखिन चाहन्छौं । तर यस्ता सौन्दर्य सामग्रीहरुको प्रयोग कति ठीक हो, विज्ञापनमा भनिएका कुरा कति सत्य हो, लामो समयसम्म यसको प्रयोग गरेपछि के हुन्छ भन्ने बारेमा हामी कहिले सोच्दैनौं । छालारोग विशेषज्ञ डा. विमला ओझा भन्छिन्, 'यस्ता विज्ञापनहरु गलत सौन्दर्य र वैज्ञानिक दृष्टिकोणले पनि ठीक छैन । मानिसको शरीर स्वस्थ रहयो भने अनुहारको चमक आफैं आउनेछ । यस्ता विज्ञापनहरुले गलत सन्देश दिन्छन् ।

'तपाईंको शरीरको तौल ४५ मिनेटमा नै कम हुने छ, केही हप्ताभित्रमा सुडौल हुने', 'कपालमा भरिसकेका रौंहरू फेरि पलाउने', 'अनुहारमा भएका चायाहरू हट्ने फेरि जवान हुने' आदि कामका लागि विभिन्न सञ्चारमाध्यममा अनेकौं विज्ञापनहरू हेर्न, पढ्न र सुन्न सकिन्छ । कतिपयले ती विज्ञापनमा विश्वास गरी त्यस्ता सामग्री किनेर प्रयोग गर्दा आर्थिक हिसाबले नराम्ररी ठगिनुमात्र परेको छैन, त्यसले स्वास्थ्यमा गम्भीर जटिलता पनि ल्याएको छ ।

असम्भव कुरामा विश्वास गर्नु हुँदैन भन्ने थाहा पाउँदापाउँदै पनि विज्ञापनको जालोमा धेरै मानिस फसिरहेका छन् । विशेषगरी मानिसमा रहेका केही कमजोर पक्षहरूलाई समात्न विज्ञापन गर्ने संस्था र गर्न लगाउने कम्पनीले अनेक आकर्षक कुराहरू गरेर झुक्याउन सफल हुन्छन् । त्यही कमजोर पक्षलाई पकडेर गरिने विज्ञापन माछा जालमा फसेझैं हामी फसिरहेका हुन्छौं ।

उदाहरणका लागि 'मोटो मानिसका लागि खानेकुरा कम नगरे पनि हुने, व्यायाम गर्न नपर्ने, नथाकिने, खाली एक क्यापसुल औषधि बिहान बेलुका खाए पुग्ने' जस्ता विज्ञापनले त मुटुमा यसरी छुन्छ कि मोटा व्यक्तिहरू त्यस्तो औषधि जताबाट पाउन पनि लालायित हुन्छन् । त्यस्तै प्रकारले 'कम्मर पेटी बाँधेर केही छन बसेपछि पसिना निस्कन्छ अनि कम्मर त एक इञ्च घटिहाल्छ' भन्ने जस्ता लोभलाग्दो कुरा विज्ञापनमा भनेपछि कम्मर घटाउन चाहने मानिस दौडेर त्यो पेटी किन्न तयार हुन्छ । त्यसरी नै 'छाला गोरो पार्न जिन्दगी सफल पार्न' भन्दै थरिथरिका क्रिमहरूको विज्ञापन गरिन्छ, त्यसले बिरामीलाई फाइदा नपुगे पनि सम्बन्धित कम्पनीलाई राम्रै आम्दानी हुन्छ ।

यति हुँदाहुँदै पनि हामीहरूमध्ये धेरैले विज्ञापनमा भनिएका कुराहरू कति सत्य हुन् भन्ने कुरामा कहिल्यै सोचेका हुँदैनौं । मोटोपन घटाउन वा औषधि वा कम्मर घटाउन बेल्टले कति सहायता दिन्छ होला त ? शरीरभित्र रहेको बोसो एकैचोटी पगाल्ने कुनै औषधि हुँदैन । यदि त्यस्तो हुँदो त अमेरिकामा २५ प्रतिशत जनसंख्याले त्यो औषधि प्रयोग गर्थे होलान् । कम्मर पेटी बाँधेर पसिना निस्कँदा कम्मरको नाम ३४ इञ्चबाट ३३ इञ्च हुँदो हो त, त्यस्तो खालको कम्मर पेटीको उत्पादन गर्ने कम्पनी हजारौंको संख्यामा हुने थिए होला । किनभने एक दिनमा एक इञ्च घट्ने कम्मर १० दिनमा १० इञ्च घट्दैन थियो होला त ? शरीरको कम्मरको नाप १० दिनमा १० इञ्च घट्न शरीरको तौल कति कम हुनुपर्छ होला ? १० दिनमा के आश्चर्यजनक रूपले 'केही नगरिकन' तौल कम होला र ? तैपनि किन मानिसहरूले विश्वास गर्छन् र प्रयोग गर्छन् ।

विज्ञापनमा भनेका कुरा एक दिन-दुई दिन वा एकै दिनमा दशौं चोटी सुनेपछि जो कोहीलाई पनि 'हो कि, हो कि' जस्तो लाग्न थाल्छ । त्यसमाथि पनि साँच्चिकै कुनै मानिसले त्यसमाथि पनि सुडौल खालकी महिलाले आएर 'आफू पहिला मोटी भएको, तर औषधि खाएर वा कम्मरपेटी लगाएर पातलो भएर जीवन नै अर्को भएको कुरा' भनेपछि विश्वास नगर्ने पनि कसरी ?' भन्ने भावना आउँछ । हो यही भावनालाई पकडिएका छन् विज्ञापन निर्माता कम्पनीहरूले । यदि साँच्चि नै यसरी औषधि र पेटीको कारणले पातलोपन आउँदो हो त डाक्टरहरू त्यसमाथि पनि मुटुरोग विशेषज्ञहरूले बिरामीलाई यिनै औषधि वा पेटी किन्न लगाउँथे । चिनीका रोग भएको मोटा व्यक्ति, मुटुको रोग भएर तौल घटाउनु भन्ने रोगीलाई खानेकुरा कम गर्ने, व्यायाम गर्ने आदिको ठाउँमा यस्ता विज्ञापनको बढी काम लाग्थ्यो होला ।

उमेर बढ्दै जाँदा जीवनशैलीका कारणले (विशेषगरी बौद्धिक काम गर्ने) व्यक्तिहरूलाई त यही पेटी र औषधि प्रयोग गर्नु भन्नेबारेमा विशेषज्ञले बोल्थे होलान् । मोटो मानिसलाई खानेकुरा कम खाएर र व्यायाम गरेर महिनौं लाग्ने काम त औषधिको एउटा चक्कीले हुने भए किन शारीरिक र मानसिक दुःख गरिरहनु पर्थ्यो र ? यदि साँच्चै यस्तो हुँदो त बिहानबिहान उठेर 'मर्निङ वाक' वा जिम गर्नेहरूले बिहानको मीठो निद्रा छोडेर गर्मी, जाडो, पानी नभनी किन दुःख गर्थे होलान् ? आधुनिक समाजमा मानिसहरूलाई विश्लेषण गर्ने समय छैन, विज्ञापनमा भनेको कुरा सुन्दासुन्दा हो जस्तो लाग्छ र फेरि त्यस्ता गलत विज्ञापनहरूको विरुद्धमा कसैले नबोल्ने र नलाग्ने हुनाले मानिसहरूलाई त हो न हो यो कुरा साँच्चिकै जस्तो लाग्छ ?

मुटुरोग विशेषज्ञ डा. प्रकाश रेग्मीको विचारमा यसरी औषधि प्रयोगबाट तौल घटाउँदा शरीरमा धेरै हानि गर्छ । यस्ता औषधिहरूले केही समयको लागि घटाए जस्तो हुन्छ तर वास्तवमा शरीरको पानी गएर तौल घटेको अनुभव हुन्छ । पसिना शरीरबाट गएर, पेटी बानेर ठूलो भइन्छ भन्ने त वाहियात विज्ञापन हो ।

विज्ञापनको अर्को पक्ष देखिन्छ विभिन्न थरिका सौन्दर्य सामग्रीमा । उमेर बढ्दै जाँदा हुँदै जाने शारीरिक भित्री र बाहिरी परिवर्तनहरू रोक्छन्, वा प्रकृतिबाट लिएर आफ्नो छालाको रङ फेर्न सकिने भन्ने गरी जसरी विज्ञापन दिइन्छ, त्यसले एउटा त गलत ज्ञान वा कुराहरू भनिरहेको हुन्छ, अर्को मानवीय दृष्टिकोणले पनि कुनै खास वर्णका मानिसहरूले सोही कारणले जीवनमा सफलता प्राप्त गर्न सक्दैनन् भन्नेजस्ता विचार पनि दिइरहेका हुन्छन् ।

शरीरको छालाको बनोट र रङ हामीहरूले जन्मेदेखि लिएर आएका हुन्छौं । यसलाई बाहिरी वस्तुहरू लेपन गरेर रं परिवर्तन गर्न सकिँदैन । कुनै रोग लाग्यो भने जस्तो छालाको 'ल्युकोडर्मा' (जसमा छालाको रङ दिने वस्तु-मेलानिन कम हुँदै जान्छ भने छालाका रङ बदलिन्छ । तर छालाको रङ कालोबाट गोरो हुने वस्तुचाहिँ हुँदैन । तर 'गोरो' हुनुपर्ने र गोरो भएपछि केटा र केटीले एक अर्कालाई मन पराउँछन् भन्नेजस्ता विज्ञापन दिएर सौन्दर्य सामग्री बनाउने कम्पनीले मालामाल हुने कारण पनि हाम्रो विश्वास हो ।

विज्ञापनबाट प्रेरित भएर हामी शरीरको छालालाई सफा राखेर, व्यायाम गरेर, पोषणयुक्त खाना खाएर स्वस्थ राख्नको सट्टामा सौन्दर्य सामग्री किनेर, लेप लगाएर राम्रो (गोरी) देखिन चाहन्छौं । तर यस्ता सौन्दर्य सामग्रीहरूको प्रयोग कति ठीक हो, विज्ञापनमा भनिएका कुरा कति सत्य हो, लामो समयसम्म यसको प्रयोग गरेपछि के हुन्छ भन्ने बारेमा हामी कहिले सोच्दैनौं । छालारोग विशेषज्ञ डा. विमला ओझा भन्छिन्, 'यस्ता विज्ञापनहरू गलत सौन्दर्य र वैज्ञानिक दृष्टिकोणले पनि ठीक छैन । मानिसको शरीर स्वस्थ रहयो भने अनुहारको चमक आफैं आउनेछ । यस्ता विज्ञापनहरूले गलत सन्देश दिन्छन् ।

त्यसरी नै विज्ञापन दिएर हाम्रो अर्थ व्यवस्थालाई कमजोर बनाउँदै छ खानेकुराको विज्ञापनले । विशेषगरी बच्चाहरूको खानेकुराको विज्ञापन विभिन्न रेडियो, टिभी, पत्रपत्रिकामा आउने यस्ता विज्ञापनहरूले गलत सूचना त दिइरहेका नै हुन्छन् । विश्व स्वास्थ्य संगठनले हानिकारक, प्रयोग नगर्ने, यस्तो किसिमको सूचना दिन नहुनेजस्ता बनाएका नियमहरूलाई पनि बेवास्ता गरिरहेका छन् ।

फलफूलको रसहरू ताजा फलफूलले बनाइएका बट्टामा बन्द गरी केही बाहिरी वस्तु नमिसाइएको, स्वस्थ भनेर प्रचार गरिन्छ र फलफूलको सट्टामा राखिएको रस हामी साँच्चि नै फलफूलको रस भनेर ल्याउँछौं । तर विचार गर्नुस् त ? के कुनै पनि बाहिरी वस्तु नमिसाई फलफूलको रस ताजा रहिरहन सक्छ ? अर्को कुरा फलफूलका रस बनाएर राख्दा त फलफूलमा भएका कतिपय पोषणतत्व नष्ट हुन्छन् भने अर्कोतिर कहिले बनाएर राखेको र बासी फलफूलको रसचाहिँ सधैं ताजा रहन्छ भन्ने विज्ञापनमा सन्देश दिइन्छ र हामी विश्वास पनि गर्छौं । बिहान पकाएको बेलुका नखाने हामीहरू महिनौंदेखि बासी बट्टामा राखिएको फलफूलको रस ताजाझैं स्वाद मानेर खान्छौं र स्वस्थ भयौं भन्ठान्छौं । आर्थिक र स्वास्थ्य दुवै दृष्टिकोणले यसरी बट्टामा राखिएका वस्तुहरूबाट हामीले के फाइदा गर्न सक्छौं त ?

विज्ञापनमा सुनिन्छ- 'बढ्ने उमेरका बच्चाहरूका लागि घरको खाना मात्र पर्याप्त छैन । बढ्ने उमेरका बच्चाहरूलाई चाहिन्छ प्रोटिन र र अनेक किसिमका लवणहरू जुन यही फलफूलजन्य बट्टामा राखिएका वस्तुमा पाइन्छ । यो वस्तु किन्नुभयो भने तपाईंले सित्तैमा चम्चा, बाल्टिन, झोला, आदि पनि पाउनुहुन्छ ।' अनि सित्तैमा पाइने वस्तुको लोभ र घरको खानाले बच्चालाई पोषण नपुग्ने भन्ने विश्वासमा परेर धेरैले त्यस्ता खानेकुरा किनेर ल्याउने गर्दछन् । मानिसहरूले यसमा विचार पुर्‍याएको देखिन्न कि त्यस्ता बट्टाहरूमा राखिएका भोजनहरू केबाट बनाइन्छन् ? प्रायः अंग्रेजीमा साना अक्षरमा लेखिएका यी वस्तुहरूमा लेखिएको हुन्छ । प्रयोग गरिएका वस्तु- कोदो, चामल, गहुँ, जौ, दूध, चिनी आदि र त्यसमा यो पनि लेखिएको हुन्छ- अझ बढी क्याल्सियम मिसाइएको हुन्छ । यीमध्ये सबै वस्तु घरमा पाइन्छन् तर १० गुणा बढी मूल्य तिरेर किन्ने गरिन्छ । बाहिरका बट्टाका खानेकुरा स्वास्थ्यकर छैनन् ।

यस्तै साना शिशुहरूलाई खुवाइने पोषणका बारेमा त विश्व स्वास्थ्य संगठन र युनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले बनाएका नियमहरूलाई एकातिर फालेर शिशुका पोषण र दूधका लागि विज्ञापन गरिन्छ । बच्चाहरूलाई दूध बनाउने कम्पनीहरूले पहिले त आमाको दूधभन्दा बट्टाको दूध शिशुलाई फाइदा गर्छ भनेर विज्ञापन गर्थे । पछि स्वास्थ्यकर्मीहरूले त्यसको विरुद्धमा आवाज उठाएपछि विश्व स्वास्थ्य संगठनले यससम्बन्धी नियम बनाएपछि यस्ता सन्देशहरू दिनचाहिँ छोडेका छन् तर अन्य तरिकाले विज्ञापन र गलत सन्देश दिने काम त अझै जारी छ । घरमा रहेको जाउलो, रोटी, आलु छोडेर विज्ञापनबाट प्रेरित भएर त्यसमा बढी पैसा तिर्ने गर्दछन् । यसरी विज्ञापनको प्रभावमा परेर धेरैजना हरेक पलमा ठगिरहेका हुन्छन् । विज्ञापनकै प्रभावमा परेर हामीलाई आवश्यक नपरेका कुराहरू पनि किन्ने प्रवृत्ति छ । सही ढंगबाट विज्ञापन गर्ने नियम कार्यान्वयन तथा उपभोक्ताहरूमा स्वास्थ्यप्रतिको जनचेतनाको विकास नभएसम्म धेरै मानिसहरूले आर्थिक नोकसानीको साथै अनेक स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहिरहने छ । *रासस*

*(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

प्राचार्य विद्यालयबाट फकी आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभ(ावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर ति(म्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभ(ाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूस(ँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्ष(ाशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्य(ालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आच(ार्यलाई दिए ।

पृष्ठ १ बाट क्रमशः

# किन छानबिन गर्दैन अख्तियार र सम्पत्ति शुद्धीकरण

'ठूलालाई चैन, सानालाई ऐन' भन्ने त नेपाली उखानै छ । पहुँचवालाले यहाँ कानुन तोडे पनि, सीधासाधीको घरबास उजाडे पनि उनीहरूको अगाडि नियामक निकाय हात बाँधेर बस्छ । राजधानीको पुतलीसडकस्थित सिन्सियर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडले सडकमा ल्याइपुर्‍याएको भनी पटक-पटक उजुरी पर्दा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आँखामा पट्टी बाँधेर बसेका छन् ।

अवैधरूपमा जोडेको सम्पत्ति छानबिनका लागि गठन गरिएको अख्तियार र सम्पत्ति शुद्धीकरणले अनुसन्धानमा चासो नदेखाएर सीधासाधीलाई 'मर्नु न बाँच्नु' बनाउनेलाई कारबाही नगरेर झन् ठग्नलाई प्रश्रय दिइरहेका छन् । सिन्सियरविरुद्ध पहिलोपटक २०७९ चैत ८ गते अख्तियार र सम्पत्ति शुद्धीकरणमा उजुरी परेको छ । अख्तियारमा दर्ता भएको उजुरीको दर्ता नम्बर सी-०४८८०९ रहेको छ ।

त्यसैगरी, सोही दिन सम्पत्ति शुद्धीकरणमा पनि उजुरी परेको देखिन्छ । उजुरीको दर्ता नम्बर ४४५५ रहेको छ । उजुरीमा सिन्सियरको ठगीधन्दाको नालीबेली उल्लेख गरिएको छ । २०५७ मंसिर २९ गते दर्ता भएको उक्त संस्थाले कसरी ऋणीको सर्वस्व सकायो ? उजुरीकर्ताले उजुरीमा खुलाएका छन् । अर्काको उठीबास लगाएर संस्थाका अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, कार्यकारी निर्देशक राजेश खड्का र कर्जा अधिकृत मीरा कर्माचार्यले सम्पत्ति जोडेकोबारे पनि बेलीविस्तार लगाइएको छ ।

चार पृष्ठ लामो सो उजुरीमार्फत उजुरीकर्ताले उनीहरूले गलत रूपमा कमाएको सम्पत्तिमाथि छानबिन गर्न जोडतोडका साथ माग गरेका छन् । राजनीतिक दल र गुण्डागर्दीको आडमा सिन्सियरले ठगीधन्दा चलाएको उजुरीकर्ताको जिकिर छ । उजुरीमा भनिएको छ, 'राजनीतिक दल र गुण्डाको आडमा ठगीधन्दा चलाएर, हजारौंको उठीबास लगाएर जोडेको सम्पत्तिमाथि छानबिन गर्न भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष माग गर्दछु । गलत तरिकाले कमाएको सम्पत्ति छानबिन गरी निजहरूलाई कानुनको दायरामा ल्याउन अनुरोध गर्दछु ।'

सो उजुरीमा सम्पत्ति शुद्धीकरणलाई बोधार्थ दिइएको छ । उजुरीकर्ताका अनुसार सिन्सियरले विशेषतः ट्याक्सी चालकलाई कर्जा दिने गरेको छ । घरजग्गा, सेयर, निजी गाडीमा पनि सिन्सियरको कर्जा लगानी रहेको छ । कति चालक नपढेका, कति साधारण पढलेख भएकाले ठग्न सजिलो हुने भएकाले उनीहरूलाई कर्जा दिइने उजुरीकर्ताको जिकिर छ । १५ लाखको ट्याक्सी राखेर १० लाख कर्जा दिँदा २५ हजार घूस र २० हजार रूपैयाँ सेवाशुल्क लिइने र मासिक ब्याज पनि १५-२० प्रतिशतले असुल्ने उजुरीपत्रमा उल्लेख छ ।

एक करोडको घरजग्गा राखेर ६० लाख कर्जा दिँदा १० लाख घूस खाइदिने पनि भनिएको छ । तीन किस्ता नतिर्नेबित्तिकै धितो खाइदिने र मासिक तिरेको किस्ता बचत खातामा लगेर हालिदिने पनि उजुरीकर्ताले बताएका छन् । कर्जा दिने बेला खाली नेपाली कागज र फोटोकपीमा ल्याप्चे र हस्ताक्षर गराउने सिन्सियरले ऋणी उपस्थित नै नभईकन मालपोत र यातायातबाट धितो नामसारी गर्छ ।

त्यसरी नै संस्थाका पदाधिकारीहरू करोडौंको मालिक बनेको उजुरीकर्ताको भनाइ छ । सिन्सियरको कारणले धेरै परिवार विस्थापित भएका छन् । त्यस्तै, सिन्सियरविरुद्ध २०८० साउन २८ गते अर्को उजुरी परेको छ । 'सम्पत्तिको छानबिन गरिपाऊँ' भन्दै परेको उजुरीको दर्ता नम्बर सी-००८०६२ रहेको छ । उनीहरूले कर्जावालसँग घूस खाएर अंकुत सम्पत्ति जोडेको भन्दै छानबिनको लागि अख्तियारको ध्यानाकर्षण गराइएको छ । विगतमा खासै पुर्ख्यौली सम्पत्ति नभएका उनीहरू सहकारीको पदाधिकारी बनेको छोटो समयमै महलजस्तो घरमा बस्ने र ठूला गाडी चढ्ने हैसियतमा पुगेको उजुरीकर्ताले बताएका छन् ।

कर्जावाललाई सडकको बासमा पुर्‍याएर मोटाएकाहरूलाई कानुनको दायरामा ल्याउन माग गरिएको छ । पछिल्लोपटक संस्थामा भएको कालोधन छानबिनको माग गर्दै उजुरी परेको देखिन्छ । संस्था कालोधन राख्ने थलो बन्दै उजुरीकर्ताले अख्तियारको ध्यान केन्द्रित गराएका छन् ।

- अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**हातीलाई वनभोज गराइँदै** | चितवनको सौरहामा आयोजित १८औं पर्यटन तथा हात्ती महोत्सवको शनिबार तेस्रो दिन अवसरमा हात्तीलाई वनभोज गराउँदै माउते ।

*तस्विरः चन्द्रकला क्षेत्री/रासस*

# घरदैलोमै नगरवासीलाई सेवा



■ युवराज विष्ट

**भोजपुर–** योजनाको सफल कार्यान्वयनसँगै स्थानीय नागरिकलाई सहजरूपमा सेवा दिने लक्ष्यले भोजपुरको षडानन्द नगरपालिकाले वडास्तरमै योजना सम्झौता र उपभोक्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। भौगोलिक विकटकता कारण सेवा लिन नगरपालिकासम्म आउँदाको समस्यालाई ध्यानमा राख्दै नागरिकको घरदैलोमा पुगेर योजना सम्झौता गरेको हो ।

नगरपालिकाले अभियान नै सञ्चालन गरेर वडास्तरमा पुगेर योजना सम्झौता, बैंकसम्बन्धी सेवासँगै योजनाको सफल कार्यान्वयनका लागि गर्नुपर्ने काम, योजना सञ्चालन पद्धति, योजनाको गुणस्तरीयता, योजनाको प्रभावकारितालगायतको विषयमा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरेको षडानन्द नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद चापागाईंले बताए ।

भौगोलिक विकटताका कारण स्थानीयले भोगेका समस्यालाई ध्यानमा राख्दै नगरपालिकाको सेवा वडास्तरबाट सञ्चालन गरिएको उनको भनाइ छ। अभियानमार्फत १४ वडामध्ये भौगोलिकरूपमा अति नै विकट रहेका नौवटा वडाका नागरिकलाई वडास्तरबाट सेवा प्रवाह गरिएको प्रमुख प्रशासकीय अधिकृत चापागाईंले बताए ।

‘स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई सहज, सरलरूपमा नागरिकसम्म पुऱ्याउन विभिन्न गतिविधि गरिरहेका छौं,’ प्रशासकीय अधिकृत चापागाईंले भने, ‘भौगोलिक विकटताका कारण कतिपय वडाबाट नागरिकलाई सेवा लिन नगरसम्म आउन समस्या छ । त्यो समस्यालाई ध्यानमा राखेर अभियान नै सञ्चालन गरेर नागरिकलाई घरदैलोमा सेवा पुऱ्याउन जुटेका छौं ।’

नगरपालिकाबाट सञ्चालन हुने योजनालाई समयभित्र नै प्रभावकारी ढंगले सम्पन्न गराउने लक्ष्यका साथ कामलाई अघि बढाएको उनको भनाइ छ। त्यसका लागि नगरपालिकाले अनुगमनसँगै कार्यान्वयनको पाटोलाई कडाइका साथ अघि बढाउने उनले बताए । ‘योजनाको कामलाई गुणस्तरीय ढंगले समयमा सम्पन्न गराउने लक्ष्यका साथ काम गरिरहेका छौं,’ प्रशासकीय अधिकृत चापागाईंले भने, ‘हामीले सम्झौताका क्रममा नै यो विषयमा उपभोक्ता समितिलाई सजकसमेत गराएका छौं ।’

वडास्तरमा योजना सम्झौता तथा आवश्यक काम गर्ने लक्ष्यले नगरपालिकाले सञ्चालन गरेको अभियान प्रभावकारी रहेको षडानन्द-१४ बोयाका मानबहादुर तामाङले बताए। वडामा नै योजना सम्झौतालगायत काम भएपछि समय र पैसाको बचत भएको उनको भनाइ छ । भौगोलिक विकटताका कारण आफ्नो ठाउँबाट योजना सम्झौता गर्न जाँदा एक उपभोक्ता समितिको न्यूनतम पनि आठदेखि १० हजार रूपैयाँसम्म खर्च हुने तामाङको भनाइ छ ।

‘नगरपालिकाले सञ्चालन गरेको यो अभियानले हामीलाई धेरै सहज भएको छ,’ उनले भने, ‘भौगोलिकरूपमा दुर्गम भएकाले हाम्रो ठाउँबाट योजना सम्झौता गर्नका लागि नगरपालिका जाँदा नै एकदेखि दुई दिन बित्छ । आउँदा, जाँदा, बस्दा समितिको धेरै नै खर्च हुन्थ्यो । तर अहिले वडामा नै योजना सम्झौता हुँदा हामीलाई सहज भएको छ ।’ नगरपालिकाले वडास्तरमा पुगेर सेवा प्रवाह गरेपछि दुर्गम क्षेत्रका नागरिकलाई प्रत्यक्ष लाभ पुगेको तामाङले बताए ।

नागरिकलाई प्रदान गर्ने सेवालाई सहज बनाउँदै सञ्चालन हुने योजनाहरूलाई प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले वडास्तरमा पुगेर नगरपालिकाको सेवालाई प्रवाह गरिएको षडानन्द नगरपालिकाकी उपप्रमुख प्रमिला राईले बताइन् । यो नगर भौगोलिक रूपमा ठूलो र कतिपय स्थान विकट रहेकाले स्थानीय सरकारको सेवालाई नागरिकको पहुँचसम्म विस्तार गरेर सञ्चालित योजनाको प्रभावकारिता र गुणस्तरीयता बढाउनका लागि वडास्तरबाट नै योजना सम्झौता र उपभोक्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ।

‘नगरको सेवालाई सहज बनाउन भौगोलिकरूपमा विकट रहेका स्थानका वडा-वडाबाट योजना सम्झौता गरेका छौं,’ उपप्रमुख राईले भनिन्, ‘नागरिकलाई योजना सम्झौता गर्न आउँदा, जाँदा बढी समयसँगै खर्च हुने भएकाले हामीले घरदैलोमा नै सेवा पुऱ्याउने कोसिस गरेका हौं । अभियानमार्फत योजना सञ्चालन पद्धतिका विषयमा पनि जानकारी दिइएकाले गुणस्तरीयतासमेत बढ्ने अपेक्षा लिएका छौं ।’

स्थानीयवासीलाई भौगोलिक विकटताका कारण नगरपालिका केन्द्र दिङ्लासम्म आउँदा भोग्नुपर्ने समस्यालाई ध्यानमा राखेर वडास्तरबाट सेवा प्रदान गरिएको नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए। स्थानीयलाई सहज सेवा प्रदान गर्न अभियान सञ्चालन गरिएको उनको भनाइ छ । भावी दिनमासमेत नगरको सेवालाई थप सहज बनाउने लक्ष्य रहेको प्रमुख उदासले बताए ।

‘हाम्रो नगरमा भौगोलिकरूपमा विकट वडाहरू पनि छन्,’ प्रमुख उदासले भने, ‘त्यहाँका नागरिकलाई नगरपालिका आएर योजना सम्झौता तथा अन्य सेवा लिन निकै समस्या छ। घण्टौं लगाएर सेवा लिन आउँदा उनीहरूको समयसँगै हजारौं रूपैयाँ खर्च हुन्छ। जनताका समस्यालाई ध्यानमा राख्दै अभियान सञ्चालन गरेर वडास्तरबाट सेवा प्रदान गरेका हौं । जनतालाई दिने सेवालाई सहज र सरल बनाउने लक्ष्यका साथ काम गरिरहेका छौं। यसले योजनाको प्रभावकारिता बढ्ने छ।’

नगरपालिकाको सेवा वडाबाट सञ्चालन हुँदा स्थानीयलाई सहज भएको वडा नं १० का अध्यक्ष पेमदोर्ची शेर्पाले बताए । उपभोक्ता समितिलाई योजनाको सम्झौता तथा अन्य कामका लागि नगरपालिका केन्द्र दिङ्ला पुग्न समस्या हुने गरेको अवस्थामा अभियानमार्फत गरिएको कामले प्रत्यक्ष लाभ पुगेको उनको भनाइ छ । ‘यहाँबाट नगरपालिका केन्द्र दिङ्ला पुग्न धेरै समय लाग्छ,’ वडाध्यक्ष शेर्पाले भने, ‘स्थानीयले सहज सेवाको माग गरिरहेका थिए। अभियानमार्फत वडाबाट नै नगरको सेवा दिन पाउँदा खुसी लागेको छ। यसले स्थानीयलाई धेरै सहज भएको छ।’

नगरपालिकाले भौगोलिकरूपमा विकट रहेका वडा नं १ नेपाल डाँडा, वडा नं २ कुदाकाउले, वडा नं ३ खार्ताम्छा, वडा नं ९ किमालुङ, वडा नं १० सम्पाङ वडा नं ११ र १२ देउराली, वडा नं १३ र १४ बोयामा वडास्तरमा पुगेर योजना सम्झौता गरेको हो। नगरपालिका नजिक रहेका वडा नं ४ र ५ मूलपानी, वडा नं ६ र ७ केउरेनीपानी र वडा नं ८ तुंगेछाका उपभोक्ता समितिको भने नगरपालिकाबाट नै योजना सम्झौता हुने बताइएको छ। *रासस*

# टाँगाले वीरगञ्जको ट्राफिक व्यवस्थापनमा चुनौती

**वीरगञ्ज (पर्सा)–** वीरगञ्जको मुख्य बजार क्षेत्रमा जथाभावी ढंगले टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपेको छ । वीरगञ्जका मुख्य सडकमा टाँगा चलाउँदा एकातर्फ सवारी दुर्घटनामा पर्ने गरेका छन्। अर्कोतर्फ टाँगाका लागि प्रयोग गरिने घोडाको मलमूत्रको कारणले सडकमा दुर्गन्धसमेत फैलिने गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक लोकराज भट्टले जथाभावी ढंगले सडकमा टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको बताए । ‘अत्यधिक सवारी चाप हुने घण्टाघरलगायतका स्थानमा टाँगा चलाउँदा ट्राफिक व्यवस्थापनमा समस्या भइरहेको छ,’ उनले भने, ‘टाँगा चालकलाई बसपार्कदेखि रजतजयन्ती चोकदेखि मितेरीपुलसम्म चलाउन अनुरोध गर्दै आइरहेका छौं । मुख्य सडकमा नै टाँगा चलाउँदा सवारी व्यवस्थापनमा पनि विभिन्न खालका अप्ठेरा देखिरहेका छन् ।’

टाँगालाई सीमावर्ती सहर रक्सौलको रेल्वे ढालाचोकसम्म प्रवेश पाउने भएकाले पनि सामानसहितका यात्रुहरूको मुख्य रोजाइमा टाँगा पर्ने गर्छ । अन्य अटोरिक्सालाई शंकराचार्य गेट नजिकै रोकिने भए पनि टाँगाहरू भने भारतीय भूमिसम्मै पुग्ने भएकाले पनि सर्वसाधारणको रोजाइमा टाँगा पर्ने गर्छ । भारतीय टाँगाहरू पनि वीरगञ्जमा आउजाउ गर्ने गर्छन् । वीरगञ्ज आसपासमा दुवैतर्फका करिब डेढ सयको हाराहारीमा टाँगा चल्ने गर्छन् । जसमा नेपाली नागरिकले सञ्चालन गरेका ७५ र भारतीय नागरिकले सञ्चालन गरेका ७५ वटा टाँगा रहेका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले दसैंलगत्तै मुख्य सडकखण्डमा टाँगा नचलाउन अनुरोध गरे पनि टाँगा चालकले भने अटेरी गर्दै आइरहेका छन्। *रासस*


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०९/१४ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले बनेपा शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/०५/०४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री बाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पति बाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिएको व्यहोरा यसै सूचना द्वारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री उग्रतिर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : बनेपा न.पा - १०, काभ्रे ।** **दर्ता नं:- १५१३/०६६/६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नामः मोहन बहादुर गजुरेल (अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : धन बहादुर गजुरेल<br>बाजे : चन्द्र बहादुर गजुरेल<br>ना प्र नं. :१०९६३७<br>ठेगाना : काभ्रे ६, काभ्रेपलाञ्चोक | **२) नाम : श्रीराम बस्नेत (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : श्रीरामचन्द्र बस्नेत<br>बाजे : मान बहादुर बस्नेत<br>ना.प्र.नं : ४२०९<br>ठेगाना : टौखाल ७, काभ्रेपलाञ्चोक |
| **३) नाम : शान्तमणी रिजाल (सचिव तथा जमानीकर्ता)**<br>बुवा : तुल्सी प्रसाद रिजाल<br>बाजे : रुकम कुमार रिजाल<br>ना.प्र.नं : ११२६४<br>ठेगाना : डुमरवाना ८, बारा | **४) नाम : चण्डीका चौलागाई (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : राम शरण चौलागाई<br>बाजे : कृष्ण बहादुर चौलागाई<br>ना.प्र.नं: ३०-०१-७०-०९२१९<br>ठेगाना : धुलिखेल १, काभ्रेपलाञ्चोक |
| **५) नाम : तारानाथ अर्याल (सदस्य जमानीकर्ता)**<br>बाबु : मनोरथ अर्याल<br>बाजे :<br>ना.प्र.नं: ३३२०११/२५१८६<br>ठेगाना : निजगढ ५,बारा | **६) नाम : जीसन आचाजु (सदस्य जमानीकर्ता)**<br>बाबु :मंगल कृष्ण आचाजु<br>बाजे :मान बहादुर आचाजु<br>ना.प्र.नं. २२/२२१०१४-४३<br>ठेगाना : भीमेश्वर ४,दोलखा |
| **७) नाम : सविना अवा (सदस्य जमानीकर्ता)**<br>बाबु : रमेश अवा<br>बाजे : सामलाल अवा<br>ना.प्र.नं : ३०-०१-०६८-२३८४९<br>ठेगाना : बनेपा २, काभ्रेपलाञ्चोक | **८) नाम : शान्ति महर्जन (सदस्य जमानीकर्ता)**<br>बाबु : भाईगोपाल महर्जन<br>बाजे : भाईकाजी महर्जन<br>ना.प्र.नं : १७४०६<br>ठेगाना : ठेचो ६, ललितपुर |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१.श्री उग्रतिर्थ बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे जिल्ला बनेपा न.पा. १० ,काभ्रे को नाममा मालपोत कार्यालय धुलिखेलमा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला बनेपा गा.वि.स. वडा नं.१० को कित्ता नं. २५४१ र ३४५१ को क्षेत्रफल ०-३-१-० (१०४ वर्ग मीटर) र ०-२-०-३ (७०.९४ वर्ग मीटर) जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं. **००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै बनेपा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय बनेपामा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop



## श्री रिपुमर्दिनी सैनिक महाविद्यालय, बाँसबारी, काठमाडौं

**विभिन्न फर्निचर कार्यको आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(ठेक्का सूचना नं.NAWF/SAMV/GOODS/BASBARI/०८१/८२/३२)

(दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१४ गते)

१. चालु आ.व.२०८१/८२ मा यस महाविद्यालयमा विभिन्न फर्निचर सामान खरिद कार्य सम्पन्न गर्न e–Gp System को माध्यमबाट दोश्रो पटक दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त ईच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http//www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | दरभाउपत्र जमानत अंक ने.रु. | मान्य हुने अवधि | दस्तुर ने.रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलुवा गर्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | फर्निचर कार्यको आपूर्ति | २४,०००।०० | ७५ दिन | १,०००।- | २०८१/०९/१४ गते १२:०० बजेसम्म | २०८१/०९/२९ गते १३:०० बजे | |

२. साथै, उक्त कार्यहरू सम्बन्धी थप जानकारीको लागि यस महाविद्यालयको फोन नं.०१-४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ ।

## अनिश पाण्डेको 'तिमी छौ र पो म छु' सार्वजनिक

बेलायतलाई कर्मथलो बनाएका गायक अनिश पाण्डेले नयाँ म्युजिक भिडियो सार्वजनिक गरेका छन् । गायक अनिश पाण्डेले शनिबार 'तिमी छौ र पो म छु' नामक म्युजिक भिडियो आफ्नै आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरेका हुन् । यो गीतमा पाण्डे र रूपक डोटेलको स्वर छ भने संगीत पाण्डेकै रहेको छ । गीतको निर्देशन बेलायतका चर्चित सिनेमाटोग्राफर सुमन श्रेष्ठले गरेका छन् ।




# हलमा नेपाली चलचित्र



■ प्रभाव संवाददाता

**काठमाडौं–** पुस महिनामा नेपाली निर्माता तथा निर्देशकले चलचित्र प्रदर्शनलाई प्राथमिकतामा राख्ने गरेका छन् । विदेशी ठूला बजेटका चलचित्र, चिसो मौसमले गर्दा पुसलाई नेपाली निर्माताले प्राथमिकतामा राख्ने गर्दैनन् । यद्यपि केही नेपाली चलचित्र अहिले चलचित्र भवनमा प्रदर्शनरत छन् ।

गत पुस ५ गतेदेखि प्रदर्शन गरिएको चलचित्र 'बम बहादुर' प्रदर्शनरत छ । भारतको दार्जिलिङ र पहाड तथा आसपास क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायको संघर्षको विषयलाई समेटिएको निर्देशक जोन राईले जानकारी दिए। उनका अनुसार सन् १९८६ मा दार्जिलिङमा भएको गोर्खाल्याण्ड आन्दोलनको पृष्ठभूमिमा मानव जीवनका आरोहअवरोहलाई चलचित्रमार्फत पर्दामा प्रस्तुत गरिएको छ ।

'चलचित्रमा मुख्य पात्र बमबहादुरको संघर्षमय जीवनको कथा देखाईएको छ । यो चलचित्र नेपाली समुदायको ऐतिहासिक र सांस्कृतिक महत्वलाई बुझेका दर्शकहरूको लागि मात्र होइन, भारत र नेपालका युवा पुस्तालाई आफ्नो पहिचान र इतिहासबारे जानकारी दिने हिसाबले पनि महत्वपूर्ण छ', निर्देशक राईले भने । यसमा अभिनेता सौगात मल्ल, अभिनेत्री अनिशा रसाइली, अजय प्रधान, प्रशान्त राई, शान्तिला तामाङ, बाल कलाकार वशिष्ट कार्की, प्रभात पाख्रिन, बादल क्षेत्रीलगायतले अभिनय गरेका छन् ।

यसका साथै गत बुधवार पुस १० देखि 'देववाणी' लाई बाबुसाहेब बलामीले निर्देशन गरेका हुन् । कुञ्जन भारद्वाज, अञ्जु लेप्चा, सुनिल थापा, ह्यारी जोस, रवीन्द्र झा लगायतका कलाकारले अभिनय गर्नुभएको चलचित्र काठमाडौं बाहिर प्रदर्शनरत छ । सुरुआती व्यापार उत्साहाजन गर्न नसकेपछि यसको काठमाडौं उपत्यका प्रदर्शन हुन सकेको छैन । अर्थात् चलचित्र भवनले यस चलचित्रलाई शो उपलब्ध गराएका छैनन् । यस्तै, गत मङ्सिर ७ देखि प्रदर्शन भएको चलचित्र 'तेल भिसा' उपत्यका र मोफसलका केही चलचित्र भवनमा प्रदर्शनरत छ । निर्देशक शंकर घिमिरेले आफ्नो सन्तान भेट्न प्रवास पुग्ने अभिभावकको भोगाईमा चलचित्रलाई तयार गरेका छन् ।

यसमा छोराको सन्तान हुने भएपछि नेपालबाट अमेरिका गएकी आमाले बेहोर्नुपरेको कानुनी झमेलाको कथा देखाईएको छ । यसमा अभिनेता विपिन कार्कीले दोहोरो भूमिका निर्वाह गरेका छन् । यसमा अभिनेता कार्कीसँगै पूजा चन्द, वर्षा राउत, बुद्धि तामाङ, सुचित्रा उप्रेतीसहित अमेरिकी कलाकारहरूले अभिनय गरेका छन् । यस्तै, नेपाली चलचित्रको इतिहासमा सबै भन्दा बढी व्यापार गर्न सफल भएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' प्रदर्शनरत छ । गत कत्तिक १५ गतेदेखि प्रदर्शनमा आएको चलचित्रले सफलतापूर्वक ५१ औं दिन पार गरिसकेको छ ।

# मलेसियामा नेपाली श्रमिकको भोगाइको यथार्थ 'निरजोया'

■ कालिका खड्का




**काठमाडौं–** 'कसो माछाको चारो भइएन गाँठे ! ठूलो खड्कोबाट बचेँ, आङ सिरिङ्ङ हुन्थ्यो त्यो घटना सम्झँदा', दाजु गुरूङको उपन्यास 'निरजोया' बाट लिइएको एक अंश हो यो ।

'निरजोया' निरज र जोया मिलेर बनेको हो । निरज र जोया कृतिका मुख्य पात्र हुन् । सात दिनका लागि भिजिट भिसामा मेलेसिया गएको निरजले मलेसियाकी जोयासँग भेटेपछि उतै बस्छ । निरज र जोया लिभिङ टुगेदरमा बस्छन् । त्यहाँ बस्दा निरजको जिन्दगीको भोगाइ, पीडा र सुखमय जीवनभित्रका पीडालाई सुन्दर तरिकाले कृतिमा प्रस्तुत गरिएको छ । भिजिट भिसामा लुकेर गैरकानुनीरूपमा बस्दा निरज जेलमा नराम्रोसँग यातना पाएको हुन्छ । मृत्युको मुखबाट जोगिएर निरज नेपाल फर्कन्छ । नेपालमा तत्कालीन अवस्थामा दशवर्षे सशस्त्र द्वन्द्व चलिरहेको हुँदा निरज सपरिवार हङकङमा गएर बस्छन् ।

'ताप्लेजुङको भूमिका जन्मिएर मलेसियाको भूमिमा रहेका निरजलाई मलेसियाको रहना विभाजित मानसिकता देखिएको लाग्छ', साहित्यकार हेम भण्डारीले कृतिमाथि समीक्षा गर्दै भने, 'निरजले मलेसियालाई पनि छोड्न सक्दैन, गाउँघरको हरेक यादहरू उस्तै सधैं उसलाई प्रिय लाग्छ ।'

गैरकानुनीरूपमा बसेको निरजलाई काम गर्न सहज नभएपछि जोयाले तिमी बस म काम गर्छु भनेकी हुन्छिन् तर नेपाली समाजमा हुर्किएको निरजलाई त्यो सहज लाग्दैन । 'जोयाले काम गरेर दुवैको जीवनमा खुसी र आनन्द हुन्छ, तर निरजलाई जोयाले कमाएको खाँदा मनभित्र खिन्न हुन्छ', पेसाले पत्रकार भण्डारीले थपे, 'जोयाले प्रयोगको साधन भएको महसुस निरजलाई हुन्छ, पिँजडाको चरोजस्तो महसुस हुन्छ, नेपाली समाजमा पुरूष भोगमा डुब्नेजस्तै मलेसियामा महिला भोगमा चुर्लुम डुबेका कृतिमा देखिन्छ, मलेसियाको समाजमा महिला स्वतन्त्रता बढी देखिएको छ ।'

नेपाली संस्कृतिमा हुर्किएको निरज आफ्नी चार महिनाको गर्भवती श्रीमती जसमायालाई छोडेर मलेसिया गएको हुन्छ । मुस्लिम संस्कृतिकी जोयासँग लिभिङ टुगेदरमा बस्दा मनमा चैन हुँदैन । जोयाको आमाले पिँजडामा मरेको चरोलाई समातेर डस्टिनमा फालेको देखेपछि आफूलाई पनि प्रयोग गरिएको र आफ्नो जीवन पनि पिँजडाको चरासँग तुलना गरेर केवल आफ्नो शरीर प्रयोग भएको महसुस हुन्छ र आफूलाई बस्तुको रूपमा प्रयोग गरिएको बोध हुन्छ । एकदिन आफ्नो पनि त्यही चराको जुनी हुने सम्झेर निरजलाई आत्मबोध हुन्छ ।

'आफ्नो देशमा द्वन्द्वको व्यवस्थापन हुन नसक्दा जनताले पाएको दुःखलाई पनि कृतिमा देखाउन खोजिएको छ', साहित्यकार भण्डारीले जोडे, 'वीर गोर्खालीका नाममा विदेशी युद्धमा नेपाली होमिएको र रोजगारीका लागि विदेश जाने संस्कृति पनि मौलाएको कुरा कृतिमा सुन्दररूपमा प्रस्तुत गरिएको छ ।' उपन्यासमार्फत पलायनवादी सोचलाई रोक्नुपर्ने सन्देश दिन खोजिएको छ ।

साहित्यकार अनिता कोइरालाले उक्त कृतिमाथि समीक्षा गर्दै मलेसियामा काम गर्ने नेपाली श्रमिकको भोगाइलाई सुन्दर तरिकाले प्रस्तुत गरिएको सुनाए । 'हिजो 'मुना-मदन' मा मदनको भोटमा गएर काम गर्नुपर्नेको कारणजस्तो थियो, आज मलेसियामा नेपाली श्रमिकको जीवन पनि उस्तै छ', साहित्यकार कोइरालाले थपे, 'सुखको फूल टिप्न जाँदा पाएको दुःख र भोगाइलाई सुन्दर चित्रण गरिएको छ ।' मलेसियामा बस्दा जोयाले गरेको अभुदपूर्व प्रेम, जेलमा बस्दा पनि जोयाले गरेको असिम सहयोगले पनि निरजलाई शान्ति दिन नसकेको प्रसङ्ग जोड्दै उनले थपे, 'धन कमाउने र सुख पाउने सपना देखेर कहिलेसम्म विदेशिने भन्ने प्रश्न पनि यो उपन्यास पढिरहँदा मेरो मनमा आइरहयो ।'

पुस्तकमा नेपाल-मलेसियाबीच श्रम सम्झौता नभएको अवस्थामा नेपाली भिजिट भिसामा जाने र उतै लुकेर बसेर काम गर्नु पर्दाको नेपालीको भोगाइलाई कृतिमा समेटिएको छ । श्रम गर्न ठाउँका सुखभित्रमा नेपालीले भोगेका कहालीलाग्दा पीडा र विदेशमा बसेर पनि आफ्नो जन्मभूमिका साथै परिवारको प्रेमलाई उठान गरिएको छ । नेपालीको विदेश पलायन हुने लहर नै चलेको छ, विदेशमा श्रम गर्न जाने नेपालीको भोगाइ उस्तै-उस्तै छन्', लेखक गुरूङले भने, 'आफूले देखेका भोगेका र सुनेका कुरालाई आफूले उपन्यासमार्फत लेखेको हुँ, पहिला घुम्न जानेलाई काम गर्न पाउने अवस्था थिएन ।'

'कलमका साथी' नामक संस्थाले गत शनिबार उक्त कृतिमाथि विमर्श गरिएको थियो । पैरवी फिनिक्स बुकले प्रकाशन गरेको उक्त उपन्यासमा ६५ वटा लेख छन भने दुई सय ९४ पृष्ठ छ । उपन्यास समग्रमा श्रमका लागि विदेशिने नेपालीको भोगाइमा आधारित छ । *रासस*



# जनकपुर बोल्ट्सको महोत्तरीमा 'ट्रफी परेड'



■ प्रभाव संवाददाता

**महोत्तरी–** नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करण विजेता जनकपुर बोल्ट्सका खेलाडीहरू महोत्तरीमा आज आयोजित 'ट्रफी परेड'मा सहभागी भएका छन् । मधेस प्रदेशका सबै जिल्लामा विजयोत्सव मनाउने क्रममा शनिबार यहाँ आइपुगेको उक्त टोलीलाई मटिहानीका नगरबासीले भव्य स्वागत गरे ।

मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, जनप्रतिनिधि र नगरबासीले विजेता टोलीको स्वागत गरेका थिए । विजेता टिमका खेलाडीलाई फूलका माला तथा दोसल्ला ओढाएर नगरप्रमुख मण्डलले स्वागत गरे । खेलाडीलाई ट्रफीसहित मटिहानी नगर परिक्रमा गराइएको थियो ।

खेलाडीको स्वागतमा मुलुककै जेठो विद्यालय राजकीय संस्कृत माध्यमिक विद्यालय (गुरुकूल) मटिहानीका वटुकले न्यानो स्वागत गरेका थिए । नगर परिक्रमाका क्रममा गुरुकूल परिसर पुगेका जनकपुर बोल्टसका खेलाडीलाई वटुकले वैदिक मन्त्रले स्वस्तीवाचन गरेका थिए ।

मटिहानीको स्वागत ग्रहणपछि टोली आज जलेश्वर नगरपालिकातर्फ अघि बढेको थियो । जलेश्वरका नगरप्रमुख सुरेश साह सोनारले खेलाडीहरूको स्वागत गरेका थिए । नगरबासीले जनकपुर बोल्ट्सका खेलाडीलाई काँधमा बोकेर खुशी व्यक्त गरेका थिए ।

त्यस अवसरमा नगरप्रमुख सोनारले खेलमार्फत मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडीलाई नगरमा स्वागत गर्न पाउँदा निकै खुसी लागेको बताए । विजयी टोली जलेश्वरबाट एकडारा गाउँपालिका, मनराशिशवा नगरपालिका, सम्सी र सोनमा गाउँपालिकाका विभिन्न बस्तीहरूमा विजयोत्सव मनाउँदै सर्लाहीतर्फ प्रस्थान गर्नेछन् ।


जनकपुर बोल्टस्का प्रबन्ध निर्देशक निरज खतिवडाले आम नागरिकको चासो र आफूहरूले जितमा देखिएको खुसी एवं आत्मीयताबाट आफूहरूलाई ऊर्जा मिलेको बताए ।

जनकपुर बोल्टस्ले एनपिएल जितेको खुशियालीमा मधेस प्रदेशका आठवटै जिल्लामा विजयोत्सव मनाउँदै छ । शुक्रबार धनुषाको जनकपुरधामबाट सुरु भएको 'ट्रफी परेड' महोत्तरी, सर्लाही र रौतहटमा आयोजना गरिएको हो । टोलीले आइतबार बारा र पर्सा, सोमबार सिरहा र सप्तरी पुग्ने तालिका छ ।

## सूर्य नेपाल गल्फ टुर इस्टन ओपन

# सञ्जयको टिमलाई उपाधि

■ प्रभाव संवाददाता




**धरान–** प्रो-सञ्जय लामाको टिमले सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत सूर्य नेपाल इस्टर्न ओपन प्रो-एमको उपाधि जितेका छन् । धरान गल्फ क्लबमा भएको प्रतियोगितामा प्रो- सञ्जयको टिमले १६७ अंकसहित उपाधि जितेको हो । प्रो- सञ्जयले ४१ तथा एमेच्योरहरू भुवनेश लिम्बुले ४३, बिना सापकोटाले ४२ र श्याम लिम्बूले ४१ अंक बनाए ।

नेपाल नम्बर एक प्रो-भुवन नगरकोटीको टिम १५९ अंकसहित दोस्रो भयो । भुवनले ३९ अंक बनाउँदा एमेच्योरहरू एसएसपी भीम दाहाल, पूर् बहादुर राई र बलबहादुर राईले समान ४०/४० अंक बनाए । प्रो-नीरज तामाङको टिम १५५ अंकसहित तेस्रो भयो । नीरजले ३८ अंक जोडे । एमेच्योरहरू दिवस तुलाधर, सिद्धान्त सापकोटा र सुष्मा सिंहले समान ३९/३९ अंक जोडे । महिलातर्फ ४२ अंक जोडेर बिना सापकोटा उत्कृष्ट खेलाडीको पुरस्कार जितिन । प्रतियोगितामा होल नम्बर १८ मा सञ्जीव क्षेत्रीले लङगेस्ट ड्राइभ र होल नम्बर १७ मा एसएसपी भीम दाहालले क्लोजेस्ट टु द पिनको अवार्ड जिते । प्रो-एम प्रतियोगितामा १२ प्रो तथा ४८ एमेच्योर गरी कूल ६० खेलाडीले भाग लिएका दिए ।

# जुनियरमा भारतको दबदबा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल जुनियर इन्टरनेसनल सिरिजमा भारतको दबदबा रह्यो । भारतीय खेलाडीहरूको दबदबा रहेको प्रतियोगिताको पाँचवटै विधाको फाइनलमा भारतीय खेलाडीहरूको मात्र प्रतिस्पर्धा रहेको थियो ।

शनिबार सम्पन्न सेमिफाइनल खेलको पुरुष एकलतर्फ भारतका अंश नेगीले भारतकै साइप्रसाद तिगलालाई २४-२२, २९-२७ ले पराजित गर्दै फाइनल यात्रा तय गरे । अब नेगीले भारतका सुर्यक्ष रावतसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । रावतले बिश्वजित चौधरीलाई २४-२२, २१-१२ ले पराजित गरे ।

महिला एकलतर्फ पारु चौधरीले इशिता नेगीलाई २१-१८, २१-१३ ले पराजित गर्दै फाइनल प्रवेश गरिन् । पारुले उपाधिका लागि मेधावी नागरसँग प्रतिस्पर्धा गर्नेछिन् । नागरले दिया भिमैयालाई २१-१२, २१-१८ ले पराजित गर्दै फाइनल यात्रा तय गरेकी हुन् ।

मिक्स युगलतर्फ गर्व सानी र इशिता नेगीको जोडीले सौरभ साहु र प्रगति परिदाको जोडीलाई २१-१९, २२-२० ले पराजित गर्दै उपाधिनजिक पुगे । अर्को सेमिफाइनलमा भाव्य छावरा र आङ्गेल पुनिराको जोडी जित हात पार्‍यो । उक्त जोडीले बिजोन जैसन र आन्या विष्टको जोडीलाई २३-२५, २१-१५, २१-१९ ले पराजित गर्दै फाइनलमा सानी र नेगीको जोडीसँगको भेट पक्का गरे ।

पुरुष युगलतर्फ भाव्य छाबरा र परम चौधरीको जोडी लाई पराजित गर्दै उपाधिनजिक पुगे । उक्त जोडीले दभ्यांश रावत र योगांश सिंहको जोडीलाई २१-१२, २१-११ ले पराजित गरेका हुन् । अर्को खेलमा दिभ्यांस अग्रवाल र निरज केशरीको जोडीले जित हात पारे । उक्त जोडीले सी लालरामसँग र सौरभ साहुको जोडीलाई २१-१७, २१-१६ ले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् ।

नेपाल ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगितामा सहभागी ९९ खेलाडीमध्ये भारतका ६०, नेपालका १६, थाइल्याान्डका १०, युएईका ४, इरानका ३, न्युजिल्यान्ड २ तथा मलेसिया, अस्ट्रेलिया, बंगलादेश र इन्डोनेसियाका १/१ जना खेलाडीहरूको सहभागिता रहेको थियो ।

# टिकटकमाथि प्रतिबन्ध लगाउने कानुन अघि नबढाउन अदालतलाई ट्रम्पको आग्रह

**वासिङ्टन–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो जनवरी २० को शपथअघि टिकटकलाई चिनियाँ मालिक बाइटडान्सले बिक्री नगरे प्रतिबन्ध लगाउने कानुन रोक्न सर्वोच्च अदालतलाई आग्रह गर्दै शुक्रबार एक संक्षिप्त निवेदन दर्ता गरेका छन् । ट्रम्पको कानुनी टोलीले लेखेको छ, 'यस मुद्दाको नवीनता र कठिनाइलाई ध्यानमा राख्दै, अदालतले यी मुद्दाहरूलाई सम्बोधन गर्न थप समय प्रदान गर्न हालको वैधानिक समयसीमालाई स्थगन गर्न विचार गर्नुपर्छ ।'

ट्रम्पले सन् २०१७/२१ को पहिलो कार्यकालमा टिकटकको चर्को विरोध गरेका थिए र राष्ट्रिय सुरक्षाको कारण देखाउँदै भिडियो एपमाथि प्रतिबन्ध लगाउने असफल प्रयास गरेका थिए । चिनियाँ सरकारले अमेरिकी टिकटक प्रयोगकर्ताको तथ्यांक चोर्नसक्ने वा प्लेटफर्ममा जे देखिन्छ त्यसमा हेरफेर गर्न सक्ने भन्दै रिपब्लिकनले चिन्ता व्यक्त गर्दै प्लेटफर्ममाथि प्रतिबन्ध लगाउन माग माग गरेको थियो ।

अन्य अमेरिकी अधिकारीहरूले पनि युवाहरूमाझ भिडियो सेयरिङ एपको लोकप्रियतामा चिन्ता व्यक्त गरेका थिए र यसको मूल कम्पनी चीनको अधीनमा रहेको र एपको प्रयोग प्रोपोगान्डा फैलाउनका लागि गरिएको आरोप लगाएका थिए । ट्रम्पले बिक्री मूल्यमा सरकारको साझेदारीको साथ एक अमेरिकी कम्पनीलाई टिकटक खरिद गर्न प्रस्ताव गरेका छन् । समयक्रमसँगै ट्रम्पको टिकटकप्रतिको धारणालाई पछ्याउँदै वर्तमान राष्ट्रपति जो बाइडेन एक चरण अगाडि बढेका छन् । उनले ट्रम्पले लगाएका समान कारणहरू देखाउँदै एपलाई प्रतिबन्ध लगाउने कानुनमा हस्ताक्षर गरेका छन् तर अहिले ट्रम्पले आफ्नो बाटो परिवर्तन गरेका छन् ।

'अहिले मेरो टिकटकबारे धारणा फरक बनेको छ । म टिकटकको पक्षमा छु किनकि हामीलाई प्रतिस्पर्धाको आवश्यकता छ,' ब्लुमबर्गसँगको कुराकानीमा उनले भनेका छन्, 'यदि हामीसँग टिकटक छैन भने यसको विकल्पमा जुकरबर्गको फेसबुक र इन्स्टाग्राम हुने छ । यसको एकाधिकारले सामाजिक सञ्जालमा प्रतिस्पर्धाको वातावरण रहने छैन ।'

मार्क जुकरबर्गले स्थापना गरेको फेसबुक र मेटा सामाजिक साम्राज्यको एक हिस्सा हो । फेसबुकले सन् २०२१ जनवरी ६ मा अमेरिकी संसद्मा ट्रम्पका समर्थकहरूले आक्रमण गरेपछि ट्रम्पमाथि प्रतिबन्ध लगाएको थियो । यो प्रतिबन्ध ट्रम्पले थप हिंसालाई बढावा दिनका लागि प्लेटफर्मको उपयोग गर्ने चिन्ताका कारण प्रेरित रहेको दाबी मेटाको थियो । ट्रम्पमाथि सामाजिक सञ्जाल प्लेटफर्ममा लगाइएको प्रतिबन्ध पछि हटाइएको थियो । *रासस/एएफपी*

### दक्षिण कोरियामा राजनीतिक संकट

# निलम्बित राष्ट्रपति युनको पक्ष र विपक्षमा देशव्यापी विरोध प्रदर्शन



**सियोल–** दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलमाथि महाभियोग लगाइएको दुई सातापछि उनका समर्थक र विरोधीले शनिबार विरोध प्रदर्शन गरेका छन् । गत डिसेम्बरको सुरुमा सैनिक शासन लागू गर्न खोजेपछि युनको पक्ष र विपक्षमा व्यापक प्रदर्शन भएको छ र यसले देशलाई दशकौं यताकै सबैभन्दा खराब राजनीतिक संकटमा धकेलेको छ । युनको महाभियोग प्रक्रिया पूरा गर्न र उनलाई न्यायको कठघरामा ल्याउन माग गर्न अस्वीकार गरेपछि सांसदहरूले शुक्रबार युनको स्थानमा कार्यवाहक राष्ट्रपति बनेका हान डक-सोमाथि महाभियोग लगाएका थिए ।

युन र हानको भाग्यको फैसला संवैधानिक अदालतले गर्ने हो तर दुवै खेमाका प्रदर्शनकारीले यसबीचमा दबाब जारी राख्ने प्रतिबद्धता जनाएका छन् । 'राष्ट्रपति युनको रक्षाका लागि करिब २० लाख मानिस एकजुट हुने छन्,' सियोलमा आयोजित र्‍याली आयोजकमध्येका एक युनका समर्थक री काङ सानले बताए ।

युन विरोधी र्‍यालीका आयोजकले उनीविरूद्धको महाभियोगलाई समर्थन गर्नेहरूको आक्रोश 'झनै चर्को रूपमा जलिरहेको' बताए । र्‍यालीका सहभागीले 'अब युनलाई तत्काल बर्खास्त गर्न र सजायको माग गरिरहेका' बताएका छन् । विपक्षी र हानबीच उनले संवैधानिक अदालतमा रिक्त रहेका तीन थप न्यायाधीशहरू नियुक्त गर्न इन्कार गरेपछि द्वन्द्व बढेको र पछि यसैको शिलशिलामा उनले कोही 'सैन्य कानुन' कार्यान्वयन गर्ने घोषणापछि विपक्षी निलम्बित राष्ट्रपति र उनका मन्त्रीहरूप्रति आक्रोशित बनेका छन् ।

युनलाई महाभियोग लगाउने संसको निर्णयलाई कायम राख्ने वा नराख्ने भन्ने विषयमा अहिलेका छ जना न्यायाधीशले निर्णय गर्न सक्ने भए पनि असहमति जनाउने मतले उनलाई पुनर्बहाली गर्ने छ । *रासस/एएफपी*

# भारतीय पूर्वप्रधानमन्त्री सिंहको राजकीय सम्मानसहित अन्त्येष्टि

**नयाँदिल्ली–** पूर्वप्रधानमन्त्री मनमोहन सिंहको शनिबार दिल्लीको कश्मीरी गेटस्थित निगमबोध घाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । उनको अन्त्येष्टि परिवार, साथीभाइ, सहकर्मी र सरकारी विशिष्ट व्यक्तिको उपस्थितिमा भएको थियो ।



उनीप्रति सम्मान व्यक्त गर्न सागर पुगेका राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले उनको पार्थिव शरीरमा माल्यार्पण गरी श्रद्धाञ्जलि अर्पण गरेका थिए । शिख रीतिरिवाजअनुसार सिंहको अन्त्येष्टि गरिएको हो । कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, सोनिया गान्धी, राहुल गान्धीले पनि आफ्ना पूर्वनेता र पूर्वप्रधानमन्त्रीप्रति श्रद्धाञ्जलिसभा तथा अन्तिम संस्कारको कार्यक्रममा सहभागी भएका थिए । पूर्वप्रधानमन्त्री सिंहको पार्थिव शरीरलाई शनिबार बिहान उनको निवासबाट श्रद्धाञ्जलिका लागि दिल्लीस्थित अल इन्डिया कंग्रेस कमिटी (एआइसिसी) को मुख्यालयमा ल्याइएको थियो । दिल्लीस्थित पूर्वप्रधानमन्त्रीको निवासबाहिर पनि श्रद्धाञ्जलि अर्पण गर्न कैयौं मानिस भेला भएका थिए ।

यसअघि शुक्रबार मन्त्रिपरिषद्को बैठकपछि गृहमन्त्री अमित शाहले कांग्रेस अध्यक्ष खड्गे र स्वर्गीय सिंहको परिवारलाई सरकारले स्मारकका लागि ठाउँ छुट्याइने जानकारी गराएका थिए । उनले लामो समय भारतीय राजनीतिमा सक्रिय भएका थिए । विशेषगरी आर्थिक संकटको समयमा स्थिर नेतृत्व र भारतको अर्थव्यवस्थाको आधुनिकीकरणमा उनको योगदानका लागि उनलाई सम्झना गरिन्छ ।

सन् २००४ देखि २०१४ सम्म राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएका सिंहको बिहीबार ९२ वर्षको उमेरमा निधन भएपछि सात दिनको राष्ट्रिय शोक घोषणा गरिएको छ । फूलको मालाले ढाकिएको उनको पार्थिव शरीरलाई शनिबार श्रद्धाञ्जलिका लागि नयाँ दिल्लीस्थित कांग्रेस पार्टीको मुख्यालयमा राखिएको थियो । विपक्षी कांग्रेसका नेता राहुल गान्धीले आफूले एक गुरु र मार्गदर्शक गुमाएको बताउँदै सिंहले अपार बुद्धि र निष्ठाका साथ भारतको नेतृत्व गरेको बताएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले सिंहलाई 'सच्चा राजनेता' को संज्ञा दिँदै भने, 'उहाँले आगामी पुस्ताका लागि भारत र समग्र विश्वलाई बलियो बनाउने ऐतिहासिक प्रगतिको खाका तयार पार्नुभएको छ ।'

कर्मचारीबाट राजनीतिमा आएका पूर्वप्रधानमन्त्री सिंहको पहिलो कार्यकालमा आर्थिक उछालका लागि उनलाई उच्च सम्मान गर्ने गरिएको थियो । सिंहको दोस्रो कार्यकालमा भने केही भ्रष्टाचारका ठूला काण्ड, सुस्त आर्थिक वृद्धि र उच्च मुद्रास्फीतिको शृंखलापछि सन् २०१४ मा कांग्रेसबाट प्रतिस्पर्धी भारतीय जनता पार्टीले सत्ता लिन सफल भएको थियो ।

सन् १९३२ मा हाल पाकिस्तानमा रहेको गह गाउँमा जन्मिएका सिंहले तत्कालीन बेलायतशासित भारतमा गरिबी उन्मूलनको उपाय खोज्न अर्थशास्त्रको अध्ययन गरेको बताउने गर्थे । उनले क्याम्ब्रिज विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेका थिए भने अक्सफोर्डबाट विद्यावारिधि पूरा गरेका थिए । सिंहले वरिष्ठ निजामती सेवामा उत्कृष्ट प्रदर्शन गरेका थिए ।

भारतीय केन्द्रीय बैंकको गभर्नरको रूपमा काम गरेका उनले संयुक्त राष्ट्रसंघलगायत विश्वव्यापी निकायहरूमा विभिन्न कामको नेतृत्वसमेत लिएका थिए । सन् १९९१ मा तत्कालीन कांग्रेस प्रधानमन्त्री पिभी नरसिंह रावले उनलाई अर्थमन्त्रीको रूपमा सेवा गर्ने र भारतलाई आधुनिक इतिहासको सबैभन्दा खराब वित्तीय संकटबाट मुक्त गर्ने जिम्मा दिएका थिए । अर्थमन्त्रीका रूपमा दिएको सफलताले उनलाई दुई कार्यकालसम्म प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो ।

आफ्नो पहिलो कार्यकालमा सिंहले नौ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति गर्दै भारतीय अर्थतन्त्रलाई कुशल नेतृत्व प्रदान गरेका थिए । उनले संयुक्त राज्य अमेरिकासँग ऐतिहासिक आणविक सम्झौतामा हस्ताक्षर गरेका थिए जसले भारतलाई भारतको बढ्दो ऊर्जा आवश्यकता पूरा गर्न मद्दत गर्ने छ । भारतीय राष्ट्रपति मुर्मूले सिंहलाई श्रद्धाञ्जलि दिँदै भनेकी छन्, 'सिंहलाई राष्ट्रका लागि उनको सेवा, निष्कलंक राजनीतिक जीवन र परम विनम्रताका लागि सधैं सम्झना गरिने छ ।' *रासस/एएफपी*


Madhesh Provincial Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Infrastructure Development Office**

Birgunj, parsa
Madhesh Provincial, Nepal

**Invitation for Bids**

First Publication Date: 29-December, 2024

1. Infrastructure Development Office, Birgunj, Parsa invites only electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Name of the Project | Bid document fee | Estimated Cost (without VAT & PS) | Bid Security amount in nrs. |
|---|---|---|---|---|---|
| 1 | IDO/PAR/NCB/W/02/2081/82 | Construction of box bridge, along birgunj-32 jagdamba concrete to tribeni rice mill road, parsa | Rs.3000.00 | 1,15,86,496.20 | 3,00,000.00 |

2. Bidding documents can be downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents mentioned below.
Name of the Bank: Rastriya Banijya Bank, Birgunj
Name of Office: Infrastructure Development Office, Parsa
Office Code no. : 3370122012
Office Account no.: 1000100200010000
Rajaswa (revenue) Shirshak no. : 14229
3. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 28-January, 2025. Bids received after this deadline will be rejected.
4. The condition procedures not mentioned in this notice shall be as per bidding documents, Public Procurement Act 2063, & Public Procurement Regulation 2064.

**Office chief**



**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**MORANG , KOSHI PROVINCE, NEPAL**

**Notice For Ammendment**

**Date of Publication: 14th Poush, 2081**

Inrefrence to invitation for e-bid Contract No. JRM/WORKS/SQ/081/82/12 Been Amended as Stated Below:-
1. New Bid Estimated Amount is **1371681.45 (Without VAT)**
2. Bid Security Amount **Rs. 34500/-**
3. Last Date of Bid Submission - **2081/09/19 12:00 PM**

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य


| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १५०३०० | प्रति तोला – ० | प्रति तोला – १८०० |



**छुर्पी बनाइँदै** छुर्पी बनाउनका लागि दुध उमालेर तयारी गर्दै धनकुटाको महालक्ष्मी नगरपालिका–२ मुलखर्कस्थित दाजुभाइ डेरी उद्योगका कामदारहरू । उद्योगले छुर्पी बनाउन सो गाउँका १५० घर धुरीबाट दैनिक ८०० लिटर दूध खपत गर्ने गरेको सञ्चालक सिताराम कटुवालले जानकारी दिए । *तस्बिरः नारायणकुमार राई/रासस*

# राहुघाटको ७२ प्रतिशत भौतिक प्रगति

■ प्रभाव संवाददाता



**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको ७२ प्रतिशत भौतिक प्रगति भएको छ ।

भारतीय आयात-निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सले बाँध, सुरूङ र विद्युत्गृह निर्माणको कामलाई तीव्रता दिएको छ । आयोजनाका सिभिल महाशाखा प्रमुख रविन कट्टेलले आगामी २०८२ को असार १५ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित भौतिक संरचना निर्माण र उपकरण जडानको कामलाई तीव्रता दिइएको जानकारी दिए । 'बाँधमा ब्यारेज, छ हजार दुई सय ७० मिटर लामो मुख्य सुरूङ, सर्जसाफ्ट, ठाडो र तेस्रो प्रेसर साफ्ट र टेलरेस डग निर्माण सकिएको छ', उनले भने, 'स्विचार्ड निर्माण र विद्युत्गृहका उपकरण जडान गर्न थालिएको छ । डिसेन्डर (पानी थिग्राउने पोखरी), पावर इन्टेक, मुख्य सुरूङलाई फिनिसिङ गर्ने र पेनस्टक पाइपलाइन जडानको काम धमाधम भइरहेको छ ।'

मुख्य सुरूङको चार वटा अडिटबाट शुक्रबारसम्म दुई हजार दुई सय ४३ दशमलव आठ मिटर लाइनिङ (ढलान र प्लास्टर) सकिएको सिभिल महाशाखा प्रमुख कट्टेलले बताए । रघुगङ्गा गाउँपालिका-४ दग्नाम र ५ नम्बर वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृह निर्माणाधीन छ । सिभिलतर्फ ७२ र इलेक्ट्रोमेकानिकलतर्फ ३० प्रतिशत प्रगति भएको आयोजनाको सिभिल ठेकेदारसँग विसं २०७४ मङ्सिर महिनामा ठेक्का सम्झौता भएको थियो । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ ।

कमजोर आर्थिक अवस्थाका कारण विसं २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना विसं २०७० मा सकिनुपर्ने थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएकोमा पछि आठ मेगावाट बढाएर ४० मेगावाट पुर्‍याइएको हो ।

# तयार भयो मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन



■ प्रभाव संवाददाता

**बागमती–** भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइपलाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण सुरुआत भएको छ ।

यसका लागि पेट्रोलियम पाइपलाइन विस्तारको पूरा भएसँगै परीक्षण थालिएको हो । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र परीक्षणका लागि पाइपलाइनबाटै पेट्रोल र मट्टितेल आयात गर्न थालिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए । 'पाइपलाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइपलाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मट्टितेल ल्याएका छौँ', प्रमुख आचार्यले भने, 'पाइपलाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण भइरहेको छ ।' यससँगै पाइपलाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्नका लागि आवश्यक तयारीसमेत भइरहेको उनले जानकारी दिए ।

उनले भने, 'जनवरी २०२५ देखि पाइपलाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने छ ।' पाइलाइन विस्तार परियोजनाअन्तर्गत भारतीय आयल निगमले अमलेखगञ्जस्थित डिपोमा चार हजार एक सय किलो लिटर क्षमताका दुई पेट्रोल ट्यांक, दुई सय ५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्यांक, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ बे-रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरेको प्रमुख आचार्यले बताए ।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसिसी कक्षसमेत निर्माण गरिएको छ । सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्नेगरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको थियो । तर विभिन्न कारणले केही दिनअघिमात्र पाइपलाइन विस्तारको काम सकिएको प्रमुख आचार्यले बताए ।

यस्तै पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्यांक र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्यांक भारतीय आयल निगमनले निर्माण गरिदिएको छ ।

परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ । परियोजनाको दोस्रो चरणको सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलकोसमेत आयात हुने जनाएको छ ।

'एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा ट्यांकरबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता थियो', प्रमुख आचार्यले भने, 'आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको नियमित आयात पाइपलाइनबाटै हुन्छ ।'

मोतिहारी-अमलेखगञ्ज पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडासमेत बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख आचार्यको भनाइ छ । यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ ।

# राष्ट्रिय च्याउ दिवस : परिकार निःशुल्क चाख्न पाइने

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय च्याउ दिवस आगामी पुस १५ गते आयोजना हुने भएको छ । आज यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक च्याउ उत्पादक किसान संघ, नेपालले भृकुटीमण्डपमा मेला आयोजना गर्न लागिएको जानकारी दिएको हो ।

संघका अध्यक्ष सन्तोष कार्कीले बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन हुने मेलामा ४० वटा कक्षमा च्याउसँग सम्बन्धित विभिन्न प्रदर्शनी गरिने जानकारी दिए । उनले मेलामा च्याउका परिकारसमेत प्रदर्शनी गरिने र गोभ्रे, कन्ये, किङ वयस्टर र सिताके च्याउ उत्पादनको व्यावहारिक प्रयोगात्मक प्रदर्शनी पनि मेलामा हेर्न सकिने बताउनुभयो । भिन्नभिन्न प्रकारका च्याउ उत्पादनका लागि आवश्यक वस्तुको प्रदर्शनी, राष्ट्रिय कलाकारको उपस्थितिमा विशेष सांस्कृतिक प्रदर्शनलगायत कार्यक्रम आयोजना गरिने अध्यक्ष कार्कीले बताए ।

मेलामा प्रवेश निःशुल्क रहेको र च्याउका परिकार पनि निःशुल्क चाख्न पाइने आयोजकले जनाएको छ । मेला आयोजनाका लागि करिब रु २५ लाख खर्च लाग्ने अनुमान गरिएको छ भने करिब १५ हजारले मेलामा अवलोकन गर्ने अनुमान गरिएको छ । नेपालमा हाल करिब ३५ हजार किसान च्याउखेतीमा आवद्ध रहेकासमेत संघले जानकारी दिएको छ । नेपालभर विभिन्न जातको च्याउ उत्पादन र यसको कारोबार करिब रु १५ अर्ब तथा च्याउको बीउ उत्पादन गर्ने ल्याबको सङ्ख्या ६७ रहेको अध्यक्ष कार्कीले जानकारी दिए ।

संघका अनुसार नेपालका ७० जिल्लामा च्याउखेती विस्तार भएको छ भने ४० जिल्लामा व्यावसायिक उत्पादन हुने गरेको छ । च्याउ उत्पादक किसान संघ नेपालले २०७६ पुस ९ गतेदेखि पुस २९ गतेसम्म मेची महाकाली 'राष्ट्रिय च्याउ जागरण अभियान' सञ्चालन गरेको थियो ।

पुस महिना मौसमका हिसाबले सबै खालको च्याउ उत्पादन हुने हुँदा यसै महिनाको कुनै एक दिनलाई च्याउ दिवसका रूपमा घोषणा गराउन संघ र च्याउ उत्पादक किसानले दबाब दिँदै आएका छन् । विसं २०७६ पुस १५ गते बागमती प्रदेशको राजधानी हेटौँडामा सञ्चालन भएको मेची महाकाली 'राष्ट्रिय च्याउ जागरण अभियान' यसैका लागि भएको संघले जनाएको छ । सोही दिन च्याउ संघ र किसानको अनुरोधलाई स्वीकार गर्दै बागमती प्रदेश सरकारले प्रदेशस्तरमा च्याउ दिवसको विधिवत् घोषणा गरेको संघले जनाएको छ ।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोमि हुनसक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रीक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फगलाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

**सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ